

# बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम

# सहजीकरण पुस्तिका

## २०७४















समुन्नत नेपाल
SAMUNNAT NEPAL
Anamnagar, Kathmandu
*- promoting equitable quality learning society*


unicef

# बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम

## सहजीकरण पुस्तिका

२०७४

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
(.......................................................................शाखा)

पत्र संख्या :-

चलानी नं. :-

सानोठिमी, भक्तपुर

## दुई शब्द

शिक्षा गरिखाने किसिमको हुनुपर्दछ । तसर्थ शिक्षाबाट प्राप्त हुने ज्ञानलाई अर्थ व्यवस्थासित जोडेर हेर्न थालिएको छ । अहिलेका समग्र शैक्षिक प्रयासहरू गरिबी निवारण सित जोडिएर आउन थालेका छन् । शिक्षा जगतमा देखिएको यस किसिमको अभिप्रायलाई सम्बोधन गर्न अब केवल प्राज्ञिक रूपमा साक्षर र शिक्षित समाजको निर्माणले मात्र पुग्दैन । यसका लागि सबै साक्षर र शिक्षितहरूमा वित्तीय र आर्थिक ज्ञान र सिपको विकास सँगसँगै गर्न जरुरी छ । देशका आवधिक योजना र शैक्षिक नीतिहरूमा समेत वित्तीय शिक्षाको अवधारणालाई उजागर गर्न थालिएको छ । यसैले हाम्रो देशको शिक्षा प्रणालीमा वित्तीय शिक्षालाई सचेतीकरण गर्ने र बढावा दिने किसिमका कार्यक्रमहरूको आवश्यकता अनुभूत गरिएको छ ।

समकालिन समाजले मागेका यस्ता कुराहरूलाई तुरुन्तै पाठ्यक्रममा समावेश गरिहाल्न सम्भव हुँदैन । किनभने पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने कुरा आवधिक र लामो प्रक्रिया पूरा गरेपछि मात्र सम्भव हुने कुरा हो । यस्ता समसामयिक शैक्षिक मुद्धा र आवश्यकताहरूलाई अल्पकालिन प्रयत्नहरूबाट सम्बोधन गर्न सकिएमा त्यो प्रभावकारी हुन्छ ।

उपर्युक्त आवश्यकतालाई सम्बोधन गर्ने अभिप्रायले ल्याइएको बाल समाजिक तथा वित्तीय शिक्षा कार्यक्रमसम्बन्धी यी सहजीकरण पुस्तिकाले विद्यालयमा सामाजिक अध्ययन विषयका अतिरिक्त सबै विषयका शिक्षकहरूलाई वित्तीय आर्थिक विषयवस्तुसित सम्बन्धित पाठहरू शिक्षण गर्न र विद्यार्थीमा वित्तीय साक्षरताको ज्ञान र सिप विकास गर्न मद्दत पुग्ने छ । यसै गरी यस कार्यक्रमको अभिप्राय बमोजिम विद्यालयमा सञ्चालन गरिने बाल बचत, लगानी र उद्यमका क्रियाकलापहरूले बालबालिकाहरूमा सानै उमेरदेखि नै वित्तिय स्रोतहरूको पहिचान, परिचालन र व्यवस्थापन गर्ने क्षमताको विकास हुनेछ । विद्यालयहरूले पनि स्वस्फूर्त रूपमा यस कार्यक्रमलाई विद्यालयमा कार्यान्वयन गर्नेछन् । र, यसको प्रभावस्वरूप विद्यार्थीहरू आर्थिक रूपमा स्वाबलम्बी बनि उनीहरूबाट स्पष्ट र परिवारको आर्थिक अवस्थाको सुदृढीकरणमा समेत महत्त्वपूर्ण योगदान पुग्नेछ भन्ने अपेक्षा लिएको छु ।

अन्तमा, यो सहजीकरण पुस्तिकाको विकासमा संलग्न सबैलाई विशेषगरी समुन्नत नेपाललाई हार्दिक धन्यवाद दिन चाहन्छु । कार्यक्रमको सफल कार्यान्वयनका लागि शुभकामना ।

२०७४।४।१४

बाबुराम पौडेल
महानिर्देशक
शिक्षा विभाग

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
(............................................ शाखा)

फोन नं.: ६६३०५८८
६६३४११९
६६३०८८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड : १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moescdc.gov.np

प.सं. :
च.नं. : ...............

## दुई शब्द

पाठ्यक्रमलाई प्रभाव पार्ने एउटा तत्त्व समकालीन समाज पनि हो । समकालीन समाजको माग र आवश्यकतालाई पाठ्यक्रमले सम्बोधन गरिदेओस् भन्ने चाहना सबैको हुन्छ । विद्यालय पनि त्यही समाजभित्रै रहने एउटा सानो सामाजिक संस्था हो । यसैगरी अहिलेको समाजले आफ्ना बालबालिकाहरूले ज्ञान र सिपमा आधारित शिक्षा आर्जन गरेर मात्र पुग्दैन, बरु विद्यालय शिक्षा पूरा गरेपछि आत्मनिर्भर बनुन् र स्वावलम्बी बनून् भन्ने अपेक्षा गरेको पाइन्छ । अहिलेको समयमा आत्म निर्भर र स्वाबलम्बी बन्ने भन्ने कुरा समाजिक, आर्थिक र वित्तीय पक्षसित जोडिएर आउँछ । शिक्षालाई जीवनयापन सिपसित यसरी जोडने कुरा शैक्षिक कार्यक्रम र पाठ्यक्रमका माध्यमबाट मात्र सम्भव हुन्छ । यस्तो प्रयासमा सरकारी तथा गैरसरकारी सबै क्षेत्रबाट गरिने प्रयासको स्थान महत्त्वपूर्ण हुन्छ ।

यसै सन्दर्भमा ल्याइएको बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको यस सहजीकरण पुस्तिका २०७४ ले माथि भनिएका समकालीन समाजमा अनुभूत गरिएका शैक्षिक आवश्यकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । यस किसिमका प्रयासहरूले आगामी दिनमा गर्ने पाठ्यक्रमको विकास र परिमार्जन तथा पाठ्यपुस्तकहरूको विकास कार्यमा उद्देश्य र विषयवस्तुको पहिचान र छनौटमा महत्त्वपूर्ण योगदान पुग्नेछ । साथै यस सहजीकरण पुस्तिकाको विकासबाट एकातिर विद्यालयमा हाल पढाइ हुने आर्थिक तथा वित्तीय क्रियाकलाप सम्बन्धी विभिन्न विषयका पाठहरू शिक्षण गर्न शिक्षकलाई सहजीकरण हुनेछ भने अर्कातिर यस पुस्तिकामा समाविष्ट तत्त्व र क्रियाकलाहरूलाई पाठ्यपुस्तकका सम्बद्ध पाठहरूसित एकीकृत गर्दै लगेर शिक्षण गर्न सकिने पाइएको छ । त्यसैले यस कार्यक्रमलाई सबै विद्यालयहरूले आफ्नो अनुकूलता हेरी उपयोगमा ल्याउन सके बालबालिकाहरूमा आर्थिक र वित्तीय सचेतना अभिवृद्धि हुनेछ र उनीहरूलाई आर्थिक रूपमा आत्मनिर्भर र स्वावलम्बी कसरी बन्ने विभिन्न तरिकाहरूको अभिमुखीकरण हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा यस सहजीकरण पुस्तिकाको तयारी कार्यमा संलग्न सबै विद्वतर्गहरू साथै समुन्नत नेपाललाई हार्दिक धन्यवाद दिँदै बाल सामाजिक तथा वित्तीय कार्यकमको सफलताको शुभकामना व्यक्त गर्दछु ।

२०७४।५।१४

कृष्ण प्रसाद काप्री
कार्यकारी निर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी भक्तपुर

# हाम्रो भनाइ

विद्यालय शिक्षाले बालबालिकाहरूलाई आफ्नो जीवनको गोरेटो प्रष्ट गर्न सक्नुपर्छ । यसका लागि विद्यालय तहमा समकालिन विषयवस्तु समेत अध्ययन अध्यापन गर्न सकिने गरी लचिलो पाठ्यक्रम आवश्यक हुन्छ । पाठ्यक्रमले समय सापेक्ष विषयवस्तु, विश्व बजारमा आएका परिवर्तन र नयाँ आयमहरूलाई यथेष्ट स्थान दिन आवश्यक हुन्छ । यसले मात्र समयको गतिशिलता र सिकाइको विविधतालाई सम्बोधन गर्दै सक्षम नागरिक तयार गर्न सहयोग पुग्छ । यही सन्दर्भमा गरिखान सक्ने शिक्षाका लागि बाल सामाजिक तथा वित्तीय शिक्षाका विषयवस्तुहरू विश्वव्यापी रूपमा विद्यालय शिक्षामा नै उपलब्ध गराउनु पर्ने प्रवाह आइरहेको छ ।

एउटा व्यक्तिको व्यक्तिगत र सामाजिक जीवनका लागि बचत, लगानी, उद्यम, स्रोत र साधनको मितव्ययी र अधिकतम सदुपयोग, बैङ्क र वित्तीय शिक्षा, उद्यम र उद्यमशीलता, सामाजिक र आर्थिक उद्यम जस्ता विषयवस्तु विद्यालय तहको सिकाइमा विश्वव्यापी प्रवाहसँगै हाम्रो पाठ्यक्रमको अवस्था लेखाजोखा गर्ने काम भयो । पाठ्यक्रमको परिमार्जन गर्ने क्रम कक्षा ९ र १० को भइरहेको सन्दर्भसँग जोड्दै उल्लिखित बाल सामाजिक तथा वित्तीय शिक्षाका विषयवस्तुको कमीलाई पुर्ति गर्दै पाठ्यक्रममा समायोजन गर्ने काम भयो ।

शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्रसँगको सहकार्य, समन्वय र साझेदारी भएका उल्लिखित कार्यका साथै कार्यक्रमलाई परीक्षण गर्न संखुवासभा, रौतहट, लमजुङ, सुर्खेत र डोटी जिल्ला छनोट भएको थियो । उक्त जिल्लाका ३/३ ओटाका दरले सामुदायिक विद्यालय छनोट गर्ने कार्य जिल्ला शिक्षा कार्यालयहरूबाट भयो । २०७२ सालमा कक्षा ९ र १० का विद्यार्थीहरूलाई बाल सामाजिक तथा वित्तीय शिक्षासम्बन्धी सिकाइ गर्न तयार गरिएको खेल सामग्री र क्रियाकलापहरूमा अभ्यास गराइयो । सामाजिक विषयमार्फत अभ्यास गरिएको यस विषयवस्तुको सिकाइ प्रक्रियासम्बन्धी शिक्षक तालिम र सहयोगी पुस्तक पनि उपलब्ध गराइयो । विद्यालय स्तरीय बाल सामाजिक तथा वित्तीय उद्यमसम्बन्धी इभेन्ट सञ्चालन गर्न सानो बीज रकम उपलब्ध गरियो । कार्यक्रमलाई अनुसरण सिकाइ

आदान प्रदान गरियो । हालसम्म ती जिल्लाका १७ ओटा विद्यालयमा ५ हजार भन्दा बढी विद्यार्थीहरू सहभागी भइ करिब ५ लाख बचत समेत गरेका छन् ।

यसरी बाल सामाजिक तथा वित्तीय शिक्षा विद्यालय शिक्षाको पाठ्यक्रमको अंश बनिसकेको र यसमा बालबालिकाले स्वयच्छित रूपमा बचत र सामाजिक तथा वित्तीय उद्यम सिकाइ कै क्रममा गरिरहँदा यसको व्यवस्थापनलाई सहयोग पुगोस् भन्ने हेतुले **बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम सहजीकरण पुस्तिका २०७४** निर्माण गरिएको हो ।

प्रस्तुत पुस्तिकाले विद्यालय तहमा बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्ने अपेक्षा राखेका छौँ । यो सामग्री विकास गर्न शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र युनिसेफबाट प्राप्त सहयोगका लागि हामी हृदयदेखि नै आभार व्यक्त गर्न चाहन्छौँ । शिक्षा विभागका महानिर्देशक श्री बाबुराम पौडेल र पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक श्री कृष्णप्रसाद काप्रीज्यूप्रति कृतज्ञ छौँ । सामग्री लेखन र सम्पादन गर्नु हुने श्री अनन्त कुमार पौडेल, श्री कृष्ण पौडेल, श्री रामहरि दाहाल, श्री पवन कुमार अधिकारी र श्री रोजी शाक्यज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौँ । यसलाई टाइप सेटिङ तथा डिजाइन गर्नु हुने श्री जयराम कुइँकेललाई पनि धन्यवाद भन्न चाहन्छौँ । यस सामग्रीले विद्यालयमा बाल सामाजिक तथा वित्तीय शिक्षाका गतिविधिहरू सञ्चालन गर्न सहजता प्रदान गर्ने छ भन्ने आशा राख्दै यहाँहरूको सुझाव र सल्लाहलाई हृदयदेखि नै स्वागत गर्न चाहन्छौँ ।

धन्यवाद ।

योगेश कुमार श्रेष्ठ
कार्यकारी निर्देशक
समुन्नत नेपाल

# प्रस्तावना

बालबालिकाहरूलाई आधारभूत तहका विद्यालयमा प्रदान गरिने शिक्षा नै बालशिक्षा हो । घर परिवार समुदाय र समाजमा गर्नुपर्ने र गर्न नहुने कुराको जानकारी दिएर बाल बालिकाहरूलाई सचेतीकरण गर्ने शिक्षा बाल सामाजिक शिक्षा हो । त्यस्तै, आफू र आफ्नो परिवारमा हुने आम्दानी, खर्च, बचत, लगानी ऋण, बजेट आदिलाई व्यवस्थापन गर्न सिकाउने शिक्षा वित्तीय शिक्षा हो । उक्ततिन ओटै प्रकारका शिक्षाहरूलाई एकीकृत रूपमा समेटी तयार गरिएको शैक्षिक कार्यक्रम चाहिँ बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम हो । यस प्रकारको शिक्षाले बाल बालिकाहरूलाईव्यावहारिक तरिकाले वित्तीयरूपमा साक्षर र सचेत बनाउँदछ ।

यसरी बाल बालिका तथा किशोर किशोरीहरूलाई वित्तीयरूपमा साक्षर र सचेत बनाउन सकिएमा विभिन्न किसिमका शैक्षिक उपलब्धिहरू हासिल हुन्छन् । यसको प्रभाव बाल बालिकाको व्यक्तिगत जीवनमा मात्र होइन, राज्यको समग्र वित्तीय पक्षमा समेत पर्दछ । उनीहरूमा सानै उमेरदेखि सबै प्रकारका स्रोत साधनको बचत गर्ने, खर्च गर्दा मितव्ययी बन्ने, आम्दानी तथा खर्चसम्बन्धी सामान्य बजेटको खाका बनाई वित्तीय अनुशासनमा चल्ने र वित्तीय निर्णयहरू गर्दा विवेकपूर्ण तौरतरिका अपनाउने बानीको विकास हुँदै जान्छ । यसले गर्दा भविष्यमा उनीहरूले वित्तीय प्रणालीका बारेमा सामान्य जानकारी राख्ने, वित्तीय निर्णय लिनुपूर्व यथेष्ठ सूचना/जानकारी लिने, वित्तीय कारोबारका लागि औपचारिक निकायहरूको छनोट गर्ने, लगानी गर्नुपूर्व बजार सम्भाव्यता अनुमान गर्ने, अवसर एवम् चुनौतीका बारेमा सोच विचार गर्ने, वित्तीय जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्ने, कर्जाको समुचित सदुपयोग गर्दै उद्यमशीलताको विकास गर्ने, अधिक ऋणग्रस्तताको जोखिमबाट बच्ने र जालसाजीपूर्ण वित्तीय कारोबारहरूप्रति सतर्क रहने लगायतका सकारात्मक बानी व्यहोराहरूको विकास हुँदै जान्छ । यसबाट औपचारिक वित्तीय सेवामा सबैको पहुँच अभिवृद्धि हुनगई राज्यले निर्धारण गर्ने वित्तीय समावेशीकरणको लक्ष्य पूरा गर्न तथा मुलुकमा वित्तीय स्थिरता कायम गर्न समेत सकारात्मक सहयोग पुग्न सक्छ र गरिबी न्यूनीकरण र निवारणको समग्र उद्देश्य प्राप्तिमा बल पुग्दछ ।

वित्तीय साक्षरताको उपयुक्त महत्त्वलाई आत्मसात् गरी नेपाल सरकार, शिक्षा मन्त्रालयले युनिसेफ नेपालको सहयोगमा शैक्षिक वर्ष २०७२ देखि नेपालका केही विद्यालयहरूमा बाल सामाजिक तथा वित्तीय शिक्षासम्बन्धी कार्यक्रमलाई परीक्षणकारूपमा सञ्चालनमा ल्याएको छ । विगतमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण तथा सम्बन्धित पक्षहरूसँगको परामर्श र सुझाव समेतका आधारमा बाल सामाजिक तथा वित्तीय शिक्षाको मूल मर्मबमोजिम कार्यक्रम थप व्यवस्थित बन्न सकोस् र सबै विद्यालयहरूमा यसको कार्यान्वयन विधिमा एकरूपता कायम हुन सकोस् भन्ने अभिप्रायले तयार गरिएको छ ।

## १. पृष्ठभूमि

शिक्षाको मूल ध्येय बाल बालिकाको सर्वाङ्गीण पक्षको विकास गर्नु हो । सर्वाङ्गीण पक्ष भनेको शारीरिक, मानसिक, संवेगात्मक,बौद्धिक, सामाजिक, आध्यात्मिक आदि सबै पक्षहरूको विकास हो । यी सबै पक्षहरूको विकास एकै प्रकारको किताबी शिक्षाबाट मात्र सम्भव छैन । यसका लागि बदलिँदो समयको मागलाई सम्बोधन गर्न सक्ने गरी बाल बालिकाहरूलाई विभिन्न किसिमका विधि तथा तौर तरिका अपनाउँदै शिक्षण गर्न आवश्यक छ । यसै कुरालाई दृष्टिगत गरी विद्यालयीय शिक्षामा केही विषयवस्तुहरू मुख्य विधागत विषयका रूपमा, केही विषयवस्तुहरू एकीकृत पाठ्यक्रम र विषयवस्तुका रूपमा, केही ऐच्छिक विषयका रूपमा र केही अतिरिक्त शैक्षिक कार्यक्रमका रूपमा आइरहेका छन् । सामाजिक शिक्षा, नागरिक शिक्षा, नैतिक शिक्षा आदि पहिले नै विषयगत पाठ्यक्रमको दायरामा आइसकेका छन् । त्यस्तै अन्य केही शिक्षाहरू पनि विषयका रूपमा वा एकीकृत रूपमा समावेश गरेरै भए पनिपाठ्यक्रममा समेटिनुपर्छ भन्ने मागहरू आइरहेको पाइन्छ । अहिले विश्वव्यापी रूपमा वित्तीय तथा सामाजिक शिक्षाको आवश्यकता महसुस गरिएको छ । धेरैजसो देशहरूलेआधारभूत तहदेखिनै वित्तीय तथा सामाजिकशिक्षालाई समायोजन गरिसकेका छन् । यसै क्रममा नेपालमा पनि बाल सामाजिक तथा वित्तीय शिक्षाको अवधारणालाई एक अतिरिक्त शैक्षिक कार्यक्रमका रूपमा पाठ्यक्रममा समावेश गर्न आवश्यक ठानिएकाले कक्षा ९ र १० को परिमार्जित पाठ्यक्रममा समावेश गरिएको छ । हाम्रो देशको सन्दर्भमा हाल यस विषयलाई नयाँ विषयकारूपमा पनि लिन सकिन्छ ।

सामाजिक तथा वित्तीय शिक्षा एक प्रकारको एकीकृत विषय हो । यो सामाजिक शिक्षा र अर्थशास्त्रसित जोडिएको एक आधारभूत सामाजिक विज्ञानको विषय पनि हो । खासमा भन्नुपर्दा बाल बालिकाहरूलाई दैनिक जीवनमा आइपर्ने सामाजिक मूल्य मान्यता, सामाजिक रहन सहन, चालचलन, समाज विकास तथा सामाजिक विषयवस्तुहरू तथा सामान्य बैङ्किङ प्रणाली, पुँजीबजार, आयआर्जन, लागत र लाभका आधारमा स्रोतसाधनको परिचालन लगायतका विषयवस्तुहरूका बारेमा बाल बालिकाको कक्षा र तह हेरी आवश्यकतानुसार सचेतीकरण गर्दै व्यवहारमा रूपान्तरण गर्नु नै बाल सामाजिक तथा वित्तीय शिक्षा हो । यस किसिमको शिक्षाबाट बाल बालिकाहरूले सामाजिक उत्तरदायित्व निर्वाह गर्न सक्दछन् र घर परिवार एवम् विद्यालयमा रहेका स्रोत साधनहरूको पहिचान गर्न, तिनलाई व्यवस्थापन गर्न र परिचालन गर्न समक्ष हुन्छन् भन्ने अपेक्षा गरिएको छ । यस किसिमको शिक्षा भोलि गएर बाल बालिकाहरूका लागि एक सभ्य, सुसंस्कृत तथा उद्यमशील नागरिक बन्ने आधार बन्न सक्दछ ।

## २. कार्यक्रमको परिचय

बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमएउटा बालमैत्री कार्यक्रम हो । यो जीवनोपयोगी सिप विकाससम्बन्धी कार्यक्रम पनि हो । यसले बालमैत्री विद्यालयका विधि तथा तौर तरिकालाई समेत आत्मसात् गरेको छ । बाल सामाजिक तथा

वित्तीयशिक्षा कार्यक्रमलाई कसरी प्रवर्द्धन गर्ने र लागु गर्ने भन्ने सम्बन्धमा पनि यसले मार्गनिर्देश गरेको छ । यस कार्यक्रमका विषयवस्तुलाई समसामयिक शिक्षाका रूपमा विद्यालय पाठ्यक्रममा समावेश गरिएको छ ।

यस कार्यक्रममा बाल बालिकाहरूले गर्ने यस्ता कार्यहरू मूलतः **'खोज,सोच, अनुसन्धान गर र कार्य गर**'(Explore, Think, Investigate and Act)भन्ने *अफलातुन* कार्यक्रमको मुख्य आदर्श वाक्यमा आधारित रहने गर्दछ ।

## ३. नेपालको सन्दर्भ

नेपाल सरकार, राष्ट्रिय योजना आयोगले सर्वप्रथम सन् २०१३ मा किशोर किशोरीहरूको समग्र विकासका लागि एक राष्ट्रिय कार्ययोजनातयार गरेको थियो । यस कार्ययोजनामा उल्लेख भएका मुख्य ६ ओटा क्षेत्र (Domain)मध्ये वित्तीय साक्षरता, जीविका र रोजगारमूलकता (Financial Literacy, Livelihoods and Employability)लाई एउटा प्रमुख क्षेत्रकारूपमा उल्लेख गरिएको छ । यस पृष्ठभूमिमा किशोर किशोरीहरूलाई बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम मार्फत सशक्तीकरण गर्दै उनीहरूलाई सामाजिक परिवर्तनको वाहककारूपमा विकास गराउने र यस कार्यक्रमका विषयवस्तुहरूलाई विद्यालयको पाठयक्रममा समाहित गर्दै जानुपर्ने आवश्यकतालाई महसुस गरियो । यसका लागिविभिन्न चरणमा छलफल तथा कार्यशालाहरू आयोजना गरेको थियो । यसपछि केन्द्रीय स्तरका सम्बद्ध निकायहरूसँग समेत आवश्यक सहकार्य गरी बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमका विषयवस्तुहरूलाई विद्यालयीय पाठ्यक्रममा समायोजन गर्ने उपायहरूको खोजी गरियो ।

यसै परिप्रेक्षमा नेपाल सरकारको राष्ट्रिय कार्ययोजनामा निर्धारित उक्त लक्ष्यहरू हासिल गर्न शिक्षा मन्त्रालयले कक्षा ९ र १० को सामाजिक शिक्षा विषयको पाठ्यक्रममा बाल सामाजिक तथा वित्तीय शिक्षासम्बन्धीविषयहरूलाई समावेश गरियो । यस सम्बन्धमा सिकाइ सामग्रीहरू विकास गरी त्यसलाई परीक्षण गर्ने कार्यगऱ्यो । यस कार्यका लागि गठित शिक्षा मन्त्रालय र सम्बद्ध निकायहरू तथा अन्य सरोकारवालाहरूको प्रतिनिधित्वभएको को प्राविधिक समितिको बैठकमा आवश्यक छलफल गरी उक्त कार्यक्रमलाई ५ विकास क्षेत्रका ५ ओटा जिल्लाका १७ओटा विद्यालयहरू (१५ ओटा सामुदायिक र २ ओटा खुला) मा परीक्षणकारूपमा लागु गर्ने निर्णय गऱ्यो र सम्बद्ध जिल्लाका जिल्ला शिक्षा कार्यालयहरूप्रत्येक जिल्लाबाट ३, ३ ओटा प्रतिनिधि विद्यालयहरू छनोट गरी कार्यक्रम लागु गरियो । वि.सं. २०७२ को शैक्षिक वर्षमा लागु गरिएको यस परीक्षण कार्यक्रममा कक्षा ९ र १० का गरी करिब ६०० विद्यार्थीहरू सहभागी भएका थिए । हाल १७ओटा विद्यालयहरूमा कार्यान्वयनमा रहेको यस कार्यक्रमको सकारात्मक प्रभावलाई हेरी शैक्षिक वर्ष २०७३ तथा २०७४ मा समेत कार्यक्रमलाई निरन्तरता दिइएको छ । वि.सं. २०७२ सालदेखि नेपालमा युनिसेफ नेपालको सहयोगमा *समुन्नत नेपालले* शिक्षा विभाग लगायतका

निकायहरूसँगको सहकार्यमा ५ जिल्लाका १७ओटा विद्यालयहरूमा परीक्षणका रूपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याएको छ ।

यस कार्यक्रमलाई नेपालमा कार्यान्वयनमा ल्याउनका लागि युनिसेफले शिक्षा मन्त्रालय र मातहतका शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रलाई प्राविधिक सहयोग उपलब्ध गराएको छ । यस सन्दर्भमा *समुन्नत नेपालले* शिक्षा मन्त्रालयसँग साझेदार निकायको रूपमा सहकार्य गरिरहेको छ । यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अन्य सम्बद्ध निकायहरूका अतिरिक्त नेपाल राष्ट्र बैङ्कसँग समेत आवश्यक समन्वय गरी निरन्तर सहयोग प्राप्त गरिएको छ ।

## ४. सम्बद्धनीतिगत व्यवस्था

(क) चौधौं योजना (२०७३/७४-२०७५/७६) मा उल्लेख भएका नीतिहरू

- शिक्षामा सबैको पहुँच र गुणस्तर अभिवृद्धि गरी प्रतिस्पर्धी, उद्यमशील र प्रवर्तनात्मक मानव पुँजीको विकासबाट आर्थिक सामाजिक रूपान्तरण गर्ने ।
- वित्तीय साक्षरता,चेतना अभिवृद्धि, एवम् समावेशीकरण सम्बन्धी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने । (प्रमुख कार्यक्रम, मौद्रिक तथा वित्तीय निति)
- बैङ्किङ क्षेत्र मार्फत बचत गर्ने बानीको विकास गर्न बैङ्किङ शिक्षा र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ । (कार्यनीति, कुल गार्हस्थ तथा राष्ट्रिय बचत)

(ख) महत्त्वपूर्ण वित्तीय सबालहरूलाई सम्बोधन गर्न किशोर किशोरीहरूलाई सक्षम बनाउने उद्देश्यलाई पूरा गर्न औपचारिक तथा अनौपचारिक शिक्षासम्बन्धी विद्यमान पाठ्यक्रम तथा पाठ्यपुस्तकमा वित्तीय साक्षरता, सामाजिक सिप र आर्थिकसशक्तीकरणसम्बन्धीविषय समावेश गर्ने ।(किशोर किशोरीको समग्र विकासका लागि राष्ट्रिय कार्ययोजना २०७०/७१-२०७४/७५, राष्ट्रिय योजना आयोग)

(ग) जनसाधारणलाई वित्तीय सेवाको उपयोग गर्नका लागि प्रोत्साहन गर्न, वित्तीय सेवाका ग्राहकहरूको हित संरक्षण गर्न तथा वित्तीय समावेशीकरण बढाउन नेपाल सरकारबाट राष्ट्रिय वित्तीय साक्षरता नीति स्वीकृत भएपश्चात्सो अनुसारको कार्य अगाडि बढाइने । (आर्थिक वर्ष, २०७४ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण)

(घ) वित्तीय साक्षरताका कार्यक्रमलाई अघिबढाइनेछ ।(बैक तथा वित्तीय क्षेत्र, आर्थिक बर्ष २०७४/७५ को बजेट वक्तव्य)

## ५. हालसम्मका उपलब्धिहरू

(क) कक्षा ९ र १० कोसामाजिक विषयको पाठ्यक्रममा बाल सामाजिक तथा वित्तीय शिक्षाका विषय वस्तुहरू समावेश गरिएको छ ।

(ख) शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रसँगको सहकार्यमा सङ्खुवासभा, लमजुङ, रौतहट, सुर्खेत र डोटी जिल्लाका जम्मा१७ओटा माध्यमिक विद्यालयहरूमा बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमपरीक्षणका रूपमा लागू गरिएको छ ।

(ग) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम कार्यान्वयन सहजीकरणका लागि विभिन्न सिकाइ खेल सामग्री तथा सन्दर्भ सामग्रीहरूको विकास गरिएकोछ ।

(घ) कार्यक्रम लागू भएका विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूको बाल सामाजिक तथा वित्तीयशिक्षा कार्यक्रम कार्यान्वयन सम्बन्धमा क्षमता विकास भएको छ ।

## ६. औचित्य

अहिले वित्तीय र आर्थिक पक्षलाई पनि ज्ञानसित जोडेर हेर्न थालिएको छ । शैक्षिक उपलब्धिपछिको प्रभावलाई जीवन निर्वाह, आयआर्जन सिप र गरी खाने कलासित जोडेर हेर्न थालिएको छ । शिक्षा र ज्ञानका कुरालाई अर्थ व्यवस्थासित जोडेर अध्ययन गर्न थालिएको छ । यस्तो अवस्थामा वित्तीय र आर्थिक पक्षका बारेमा विद्यार्थीलाई विद्यालय तहदेखि नै सचेतीकरण गर्न र सोको अभ्यासमा कुशल बनाउन आवश्यक भएको छ ।

बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमले बाल बालिकाहरूमा सामाजिक शिक्षाका सँगसँगैवित्तीय परिचालनसम्बन्धी आधारभूत ज्ञान,सिप र अभिवृत्ति गरी तिनै प्रकारका सिकाइ उपलब्धिहरू हासिल गराउन मदत गर्दछ । यसले सामाजिक ज्ञानका अतिरिक्त अन्य वित्तीय र आर्थिक पक्षको जानकारी र अभ्यासमा सचेतीकरण गर्दछ ।

जीवन निर्वाहका लागि अहिले आएर रुपियाँ, पैसा, धन, सम्पत्ति आदि अति आवश्यक स्रोत र साधन बन्न गएका छन् । तर यस्ता रुपियाँ, पैसा, धन, सम्पत्ति आदि आर्जन गर्न त्यति सजिलो छैन । धेरै मेहनत र पसिना बगाएर मात्र त्यो पनि सीमित रूपमा मात्र जुटाउन सकिन्छ । फेरि यस्तो पैसा वा धन सम्पत्ति कानुनबमोजिम मात्र आर्जन गर्नुपर्ने हुन्छ । यसरी मुस्किलले आर्जन गरेको रुपियाँ पैसा खर्च गर्दा पनि मितव्ययी भएर योजनाबद्धरूपमा बजेट बनाएर र केही बचाएर आय बमोजिम मात्र खर्च गर्नुपर्ने हुन्छ । यसरी सन्तुलन मिलाएर आर्जन गर्ने र खर्च गर्ने असल बानीले मात्र मानिसलाई आर्थिक रूपमा सबल र सक्षम बनाउँछ ।

यसैगरी आफ्ना आवश्यकताहरू पूरा गर्न र बचत गर्न पुग्ने गरी आय आर्जन गर्न मानिस उद्यमी बन्नुपर्छ । उद्यमी बन्नका लागि केही आर्थिक ज्ञान र सिपहरूको विकास गर्न जरुरी हुन्छ । आफ्नो आयको केही अंश भविष्यका लागि बचत गर्ने, स्रोत

र साधनको उपयोगका विषयमा उचित निर्णय गर्ने, उद्यम-व्यवसाय गर्नका लागि कर्जा लिने, लिएको कर्जालाई उत्पादनमूलक कार्यमा उपयोग गर्ने, उद्यम-व्यवसायमा कहिलेकाहीँ आउन सक्ने जोखिम व्यहोर्ने, त्यस्तो जोखिम न्यूनीकरण गर्नका लागि बीमा तथा सुरक्षण गर्ने, आदि जस्ता ज्ञान सिपहरू नै मानिसलाई एक असल उद्यमी बन्न सघाउने तरिकाहरू हुन् । यस्ता कार्यले आफ्ना आवश्यकताहरूलाई प्राथमिकीकरण गर्दै उच्चतम प्राथमिकतामा लगानी गर्ने ज्ञानसिप हासिल हुन्छ । लागत र लाभका आधारमा आर्थिक क्रियाकलापहरूमा आफ्नो संलग्नतालाई बढाउने वा कम गर्ने क्षमताको विकास हुन्छ । बाल बालिकाहरूलाई यस्ता ज्ञान सिपहरू विद्यालयका तल्ला कक्षाहरूदेखि नै क्रमैसित विकास गर्न सकिएमा उनीहरूलाई भोलिको एक सफल उद्यमीका रूपमा स्थापित हुन मदत पुग्दछ । यस्तो किसिमको शिक्षण कार्य भोलि गएर राष्ट्रिय विकास र समृद्धिका लागि एक महत्त्वपूर्ण आधारशीला बन्न सक्दछ ।

यसले बाल बालिकाहरूलाई सामाजिक उत्तरदायित्व र वित्तीय सक्षमताका बारेमा जानकारी गराउन सहयोग गर्दछ । यसबाट एकातर्फ उनीहरूले नियमित कक्षा वा बाल क्लबहरूमार्फत आफ्नो अधिकार र कर्तव्यका बारेमा जान्ने अवसर पाउँछन् भने अर्कोतर्फ बचत कार्यक्रममा सहभागी हुने एवम् सानातिना उद्यमशीलतासम्बन्धी क्रियाकलापमा समेत संलग्न हुनु सक्दछन् । दैनिक सामाजिक जीवनसँग सरोकार राख्ने विषयहरूलाई पहिचान गर्ने र तिनलाई बुझ्ने सामान्य ज्ञान एवम् सिप हासिल गर्न सक्दछन् । यसैले यो समस्त विद्यालयमा अध्ययरत सबै बाल बालिका र किशोर किशोरीहरूका लागि एउटा महत्त्वपूर्ण विषय पनि हो ।

यस कार्यक्रममा मुख्यतः बालकेन्द्रित अध्ययन अध्यापनमा जोड दिने गरिन्छ । यसमा बाल बालिकाहरूलाई विचार अभिव्यक्त गर्ने, आफैले कार्य गर्ने र व्यावहारिक समस्याहरूलाई अरुसँग मिलेर समाधान गर्ने अवसर दिइन्छ । यो कार्यक्रम पैसाको बारेमा निर्णय लिनुपर्ने सबै मानिस, जस्तै : महिला, पुरुष, बाल बालिका, युवा, वृद्ध, गरिब, धनी, शिक्षित, अशिक्षित, गाउँले, सहरिया, आदिका लागि औचित्यपूर्ण, उपयोगी र सान्दर्भिक हुन्छ ।

## ७. कार्यक्रमले समेट्ने कक्षा र कार्यान्वयन विधि

नेपालका सबै आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा यो कार्यक्रम कार्यान्वयन गर्न सकिने छ । यस कार्यक्रममा कक्षा ४ देखि१२ सम्मका विद्यार्थीहरूलाई समेट्न सकिने छ । यसमध्ये कक्षा ४ र ५ का विद्यार्थीलाई बचत गर्ने प्रारम्भिक बानीको विकास गर्न सहयोग पुगोस् भनी एक एक थान खुत्रुके वितरण गर्न सकिनेछ । कक्षा ६ र ७ का विद्यार्थीहरूलाई बचत कार्यक्रममा मात्र संलग्न गराउन सकिने छ । कक्षा ८ देखि १२ सम्ममा विद्यार्थीहरूलाई बचत कार्यक्रमका अतिरिक्त कर्जा कार्यक्रममा समेत संलग्न गराई सानातिना आर्थिक क्रियाकलाप तथा अन्य सामाजिक क्रियाकलाप सञ्चालनमा समेत संलग्न गराउन सकिने छ ।

यसलाई शैक्षिक कार्यक्रमका रूपमा अपनाउन इच्छुक, प्रतिबद्ध र कार्यक्रमको अवधारणा बमोजिमका आवश्यक पूर्वाधार उपलब्ध भएका सबै विद्यालयहरूले स्वेच्छिक कार्यक्रमका रूपमा कार्यान्वयन गर्न सक्नेछन् ।यस कार्यक्रमलाई निम्नानुसार कार्यान्वयन गर्न सकिनेछ :

१. आवश्यकतानुसार पाठ्यक्रमका विषयवस्तु र क्रियाकलाप विस्तृतीकरणमा थपघटगरेर

२. नियमित पठनपाठन क्रियाकलापमा समायोजन गरेर

३. शिक्षकहरूले विद्यार्थीलाई दिने परियोजना कार्यहरू र नमुना अभ्यास क्रियाकलापगरेर

४.स्थानीय पाठ्यक्रमको रूपमा विकास गरेर

## ८. अपेक्षित नतिजा

सामाजिक आर्थिक क्रियाकलापसँग सम्बन्धित रुपियाँ, पैसा, धन, सम्पत्ति आदिको पहिचान र आय आर्जन गर्ने, सोसँग सम्बन्धित सामान्य व्यावहारिक र कानुनी आचरण भएका, आर्थिक आवश्यकताको प्राथमिकीकरण, परिपूर्ति, व्यक्तिगत तथा पारिवारिक बजेट निर्माण र परिचालन गर्न सक्ने, आर्थिक मूल्यमान्यता अपनाउने, सामाजिक रहनसहनमा घुलमिल हुन सक्ने चालचलन रजिम्मेवारी भएका, बैङ्कसितको कारोबार, कर्जा, पुँजीबजार सम्बन्धी जानकार, लागत र लाभका आधारमा स्रोत साधनको पहिचान र परिचालन गर्न सक्ने तथा उद्यमशीलताको भावनाको विकास भएका जानकार र सचेत विद्यार्थीहरू तयार हुनेछन् ।

## ९. शैक्षणिक उद्देश्य र शिक्षण विधिहरू

### ९.१ मुख्य शैक्षणिक उद्देश्यहरू

१. बाल सामाजिक तथा वित्तीय शिक्षाका आधारभूत तत्त्व र विषयवस्तुका बारेमा जानकारी लिनर दैनिक जीवनमा तिनलाई अपनाउनु,

२. सामाजिक अध्ययन, जनसङ्ख्या, गणित र अर्थशास्त्र विषयमा रहेका आर्थिक क्रियाकलाप नाफा नोक्सान ब्याज मुद्रा बैङ्कङ प्रणाली आदि सम्बद्ध एकाइका पाठहरू यस विषयसँग जोडेर पढ्न र अभ्यासहरू गर्नु,

३. बाल सामाजिक तथा वित्तीय शिक्षाका गतिविधिमा निरन्तर सहभागिता जनाउनु,

४. घरायसी वित्तीय योजना र व्यवस्थापन गर्नु,

५. सामाजिक तथा वित्तीय उद्यमका उपायहरू खोजी गर्नु र विकल्पहरू तयार गर्नु ।

### ९.२ मुख्य शिक्षण विधिहरू

बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम अन्तर्गत प्रयोगमा ल्याइने सिकाइका प्रमुख विधिहरू कथा, गीत, लघु नाटक, नृत्य, खेल, बचत क्लब, सानातिना वित्तीय उद्यमशीलताका क्रियाकलाप, स्थलगत अवलोकन भ्रमण, विभिन्न प्रकारका सामुदायिक तथा परियोजना कार्यहरू आदि हुन् । यी विधि र क्रियाकलापहरू छुट्टै शिक्षण घण्टीमा

नभएर भाषा, गणित, सामाजिक, जनसङ्ख्या, विज्ञान आदि विषयका पाठशिक्षण सँगसँगै पाठ्यक्रम अनुसार अनुकूलन गर्दै प्रयोग गर्नु यसको मुख्य शिक्षण विधि हो ।

## १०. कार्यक्रमले समेट्ने मुख्य तत्त्वहरू

विद्यालयका शैक्षिक पाठ्यक्रम र पाठ्यपुस्तकमा यस्ता वित्तीय सेवा र सेवा प्रदान गर्ने संस्थाहरूका बारेमा विषयवस्तुहरू नभएका होइनन् । तिनको विषय वस्तु शिक्षण पनि हुने गरेको छ । तर केवल सैद्धान्तिक र उपदेशात्मक शैलीमा शिक्षण हुने गरेका कारण ती विषय पढेका विद्यार्थी आत्मनिर्भर भएर निर्धक्कसित सेवा लिन जान हिचकिचाउने गरेको पाइन्छ । यसको अर्थ हो, हामीले आत्मनिर्भर हुने र आत्मविश्वासको भावना जागृत गर्ने व्यावहारिक शिक्षा दिन सकिरहेका छैनौं । यसमा कतै न कतै रिक्तता छ । यही रिक्ततालाई पूर्ति गर्ने अभिप्रायले प्रभावकारी हस्तक्षेपकारी प्रयत्नका रूपमा बाल सामाजिक तथा वित्तीय शिक्षाका विभिन्न तत्त्वहरूलाई पाठ्यक्रमीय विषय वस्तु र पाठ्यांशहरूमा समायोजन गर्न लागिएको हो ।यसका लागि बाल सामाजिक तथा वित्तीय शिक्षाले देहायका पाँच तत्वहरूलाई मुख्य रूपमा पहिचान गरेको छ :

१. बाल सामाजिकवित्त बुझाइ र सचेतना

२. बाल सामाजिक तथा वित्तीय साक्षरता

३. बाल वित्तीय सेवा

४. व्यक्तिगत वित्तीय व्यवस्थापन (बचत, ऋण, लगानी र जोखिम व्यवस्थापन)

५. उद्यम व्यवस्थापन

यी सबै तत्त्वहरूको विस्तृतीकरण तल गरिएको छ ।

### १०.१. बाल सामाजिक वित्तको बुझाइ र सचेतना

सचेतना भनेको कुनै विषय वस्तुका बारेमा आधारभूत कुराहरू जानकारी गर्नु, ग्रहण गर्नु, अनुभव गर्नु र सचेत रहनु हो । सचेतना भएपछि त्यस विषयमा गरिने काम कुराहरू ग्रहण गर्न मानिसलाई सहज हुन्छ । त्यसको महत्त्व बोध हुन्छ । बाल सामाजिक वित्तीय सचेतनाले बाल बालिकाहरूलाई व्यक्तिगत तथा सामाजिक जीवनमा गरिने विभिन्न किसिमका वित्तीय कार्यहरू जस्तैः आम्दानी, बचत, खर्च, लगानी, कर्जा, बजेट आदिका बारेमा जानकारी दिन्छ । यसले मूलतः बाल बालिकाहरूलाई रुपियाँ पैसाको व्यवस्थापन गर्न सिकाउँछ । यसै गरी खर्च नगरी नहुने, खर्च गरे राम्रो हुने र खर्च नगर्दा पनि हुने गरी तीन भागमा प्राथमिकता निर्धारण गरी आवश्यकताहरू पूरा गर्ने ज्ञान र सीप प्रदान गर्दछ । त्यसै गरी आफू र आफ्ना परिवारका लागि कस्ता किसिमका वित्तीय सेवाहरू लिन उचित हुन्छ भनी निर्णय गर्न र छनोट गर्ने क्षमता बढाउँछ । यस्तै यसले नियमित बचत गर्ने, विचार गरी खर्च गर्ने, परेको बेलामा निर्धक्क भएर ऋण लिन सक्ने भावनाको विकास गराउँछ ।सानातिना कार्यमा लगानी गर्ने क्षमताको विकास गर्दछ । यति मात्र होइन वित्तीय विपन्नताको समयमा नआत्तिइकन चुनौतीहरू सामना गर्न सक्ने क्षमता

बढाउनु बाल सामाजिक वित्तीय सचेतनाको मुख्य अवधारणा हो । बाल सामाजिक वित्तीय शिक्षा कार्यक्रम रहेका विद्यालयले सबैभन्दा पहिले यस किसिमका सामाजिक वित्तीय सचेतनासम्बन्धी कार्यहरू गराउन आवश्यक हुन्छ ।

## १०.२. बाल सामाजिकवित्तीय साक्षरता

सचेतनाले साक्षरतातर्फ डोऱ्याउँछ । साक्षरताले मानिसलाई लिपिबद्ध सामग्रीहरूलाई दैनिक जीवनका पढेर र लेखेर मात्र गर्न सकिने कार्यमा उपयोग गर्न सक्षम बनाउँछ । सामान्य अर्थमा आम्दानी, खर्च, बजेट, बचत, बीमा, ऋण, लगानी आदिका बारेमा जानकारी हुनु, तिनका फाराम, चेक, भौचर, स्टेटमेन्ट आदि पढेर निर्देशन पालना गर्न, त्यस्ता कागजातहरू भर्न, सम्बन्धित ठाउँमा लगेर पेस गर्न,आवश्यकतानुसार प्रयोग गर्न सक्षम हुनु र तिनको व्यवस्थापन गर्न सक्षम हुनु नै वित्तीय साक्षरता हो । त्यस्तै कसरी जिम्मेवारीपूर्वक आर्जन गर्ने, कसरी बजेट बनाउने, कसरी सन्तुलन मिलाएर खर्च र बचत गर्ने, कसरी कर्जा लिने र कर्जाको सदुपयोग गर्ने र कस्ता ठाउँमा कसरी लगानी गर्ने भन्ने जस्ता विषयमा आवश्यक ज्ञान, सिप हासिल गर्न र व्यवहारमा उतार्ने भनी तरीका सिकाउने कार्यहरू वित्तीय साक्षरता विकासका लागि गरिने केही क्रियाकलापहरू हुन् । बाल सामाजिक वित्तीय शिक्षा कार्यक्रम रहेका विद्यालयले सामाजिक वित्तीय साक्षरतासम्बन्धी यस्ता क्रियाकलापहरूलाई कक्षाकार्य वा परियोजना कार्यका रूपमा अभ्यास गराउन आवश्यक हुन्छ ।

## १०.३. बाल वित्तीय सेवा

वित्तीय सेवा भनेको आर्थिक सेवा हो । आर्थिक सेवा भनेको स्थानीय साहु महाजन, सङ्गठित समूह, सहकारी संस्था, बैङ्क, बीमा कम्पनी आदिले प्रदान गर्ने बचत गरिदिने, कर्जा दिने, रुपियाँ पैसा सुरक्षित साथ राखिदिने, कतै पैसा पठाइदिने वा कतैबाट पठाइएको पैसा ल्याइदिने आदि जस्ता सेवाहरू हुन् । यस्ता सेवाहरूले गाउँ शहर बजार सबै तिरका मानिसहरूलाई आफूले कमाएको पैसा बचत गर्न, चाहिएको बेलामा निकालेर खर्च गर्न, आर्थिक सम्पत्तिको सुरक्षा गर्न सानातिना व्यापार व्यवसाय गर्न, ऋण लिन र दिन ठूलो सहयोग पुऱ्याएका हुन्छन् । यस किसिमको सेवाले मानिसहरूलाई आत्मविश्वास र सुरक्षाको अनुभूति गराउँछ । यी सेवाहरू भनेका अहिलेको समयमा नभई नहुने सेवाहरू हुन् ।

बाल वित्तीय सेवाहरू औपचारिक र अनौपचारिक गरी दुई प्रकारका हुन्छन् । सरकार वा केन्द्रीय बैङ्कबाट दर्ता र नियमन तथा सुपरिवेक्षण गरिएका निकायहरूबाट प्रदान गरिने वित्तीय सेवाहरूलाई औपचारिक वित्तीय सेवा भनिन्छ । (वित्तीय साक्षरता सहभागी पुस्तिका, युएसआइडी र पहल, २०१३) जस्तैः वाणिज्य बैङ्कहरू, लघुवित्त बैङ्कहरू, वित्तीय कम्पनीहरू र सहकारी संस्थाहरू आदि । अनौपचारिक वित्तीय सेवा भनेको सरकार वा केन्द्रीय बैङ्कद्वारा दर्ता नगरिएका र नियमन तथा सुपरिवेक्षण नहुने व्यक्ति वा समूहबाट प्रदान गरिने सेवाहरू हुन् । (वित्तीय साक्षरता सहभागी पुस्तिका, युएसआइडी र पहल, २०१३) स्थानीय, बचत समूहहरू, आमा समूहहरू,

स्थानीय व्यावसायीहरू, छिमेकी, नातेदार मानिसहरू आदिबाट प्राप्त हुने वित्तीय सेवाहरू अनौपचारिक वित्तीय सेवाहरूमा पर्दछन् ।

यी दुवै प्रकारका सेवाका आ-आफ्नै फाइदा तथा बेफाइदाहरू रहेका छन् । औपचारिक वित्तीय सेवा सुरक्षित हुने, विश्वसनीय, लामो अवधिसम्म सेवा लिन उपयुक्त र सहज हुन्छ । तर यस्तो सेवा लिन टाढा जानु पर्ने, तोकिएको समयमा केही सर्त र प्रक्रियाहरू पूरा गरेपछि मात्र लिन सकिने, सेवा लिन केही ढिलो हुने, कर्जा लिन धितो वा जमानी चाहिने हुनाले साधारण लेखपढ भएका र ग्रामीण बस्तीका मानिसहरू औपचारिक वित्तीय सेवा लिन हिचकिच्काउने गर्दछन् ।

अनौपचारिक वित्तीय सेवामा असुरक्षित, नाश र असंरक्षित, हुने भएतापनि तुरुन्तै जहाँ पनि लिन सकिने, घर वरपर नै लिन सकिने, सामान्यरूपमै उपलब्ध हुने भएकाले मानिसहरू यस्तो सेवा लिन रुचाउने गरेको पाइन्छ । तर औपचारिक वित्तीय सेवा लिने बानी विकास गर्न यस्ता अनौपचारिक वित्तीय सेवाले केही सहयोग पुऱ्याउने भएकाले विद्यालयस्तरबाट प्रदान गरिने वित्तीय शिक्षाले अनौपचारिक वित्तीय सेवामा रहेका असुरक्षालाई न्यूनीकरण गर्न ठुलो मद्दत गर्दछ । यसैले विद्यालयमा वित्तीय शिक्षा शिक्षण गर्दा स्थानीय स्तरमा उपलब्ध दुवै प्रकारका वित्तीय सेवाहरूको किसिम र तिनका फाइदा र बेफाइदाहरू केलाउने अभ्यास गर्न र गराउन सकिन्छ ।

## १०.४ व्यक्तिगत वित्तीय व्यवस्थापन (बचत, कर्जा, लगानी र जोखिम व्यवस्थापन)

व्यक्तिगत वित्तीय व्यवस्थापनव्यक्तिको आर्थिक सम्पन्नता वा विपन्नतासित सम्बन्धित कुरा हो । आर्थिक रूपमा मानिस कति सम्पन्न वा विपन्न हुने भन्ने हुरा वित्तीय व्यवस्थापन सिपमा पनि निर्भर गर्दछ । अहिलेका बाल बालिका र मानिसहरूमा भईनभई खर्च गर्ने प्रवृत्ति बढदो छ । यसलाई नियन्त्रण गर्न सकिएन भने मानिसमा खर्च गर्ने बानी अव्यवस्थित बन्दै जान्छ । अव्यवस्थित रूपमा खर्च गर्ने बानीले मानिसलाई गरीब बनाउँछ रपरिवारमा समेत कलह र झगडा निम्त्याउँछ । त्यसैले बाल बालिकाहरूलाई विद्यालयदेखि व्यक्तिगत वित्तीय व्यवस्थापन सिपसम्बन्धी ज्ञान र सिप दिन आवश्यक ठानिएको हो ।

### १०.४.१ बचत व्यवस्थापन

भविष्यको उपयोगका लागि वर्तमान आम्दानीको केही अंश छुट्याएर राखिने रकम नै बचत  हो । बचत नगर्दै हुनु पर्दछ भन्ने छैन । जिन्सी पनि हुन सक्दछ । गहना, पशु, महँगा समान, जमिन आदिलाई जिन्सीका रूपमा बचत गर्न सकिन्छ । नगद बचत तुरुन्तै प्रयोग गर्न सकिन्छ । जिन्सी बचतलाई बेचेर पैसा पाएपछि मात्र प्रयोग गर्न सकिन्छ । बचत गर्ने कुरा भन्न जति सजिलो छ, व्यवहारमा उतार्न त्यति सजिलो छैन । यो ज्ञान र सिपभन्दा पनि बढी प्रवृत्तिको कुरा हो । बचत गर्नका लागि मानिसमा केही गुणहरू चाहिन्छ, जस्तै त्याग, दृढ अठोट, योजना, अनुशासन, धैर्य, आत्मविश्वास, वैकल्पिक आय आर्जनका उपायको अवलम्बन आदि । बचत कति गर्ने भन्ने कुनै नियम हुँदैन । यो कुरा भविष्यको लक्ष्य, आम्दानीको स्रोत, खर्च र

आवश्यकताको प्राथमिकता, लगनशीलता आदिमा निर्भर गर्दछ । हाम्रो सोचाइ पैसा बढी कमाउनेले नै बचत गर्ने हो भन्ने हुन सक्दछ । तर त्यस्तो होइन, खासमा गरिब मानिसलाई आपत् विपत्मासबभन्दा छिटो बचाउने र सघाउने बचतले नैहो । बचत अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गरी तिनै समयका लागि गरिन्छ ।

व्यावहारिक सिप विकासका लागि बाल बालिकाहरूबाट निश्चित रकम आवधिक रूपमा बचत गर्ने अभ्यास गराई निरन्तर रूपमा बचत गर्ने बानीको विकास गराउने कार्यक्रम नै बालबचत कार्यक्रम हो । त्यसैगरी यस कार्यक्रमले बाल बालिकाहरूलाई कक्षा र तह हेरी क्रमैसित आम्दानी र खर्च, कर्जा प्रवाह, नाफा-नोक्सान, ब्याज गणना, बैङ्किङ प्रणाली, सहकारी प्रणाली, बीमा, कर र पुँजीबजार लगायतका विषयमा जानकारी गराउनु र बचतका वैकल्पिक र प्रभावकारी उपायहरूको पहिचान गराउने गर्दछ ।

एउटा भनाइ पनि छ, 'खाएको कुराले होइन पचाएको कुराले तागत दिन्छ, कमाएको पैसाले होइन, बचाएको पैसाले धनी बनाउँछ' र 'पढेको कुराले होइन, बुझेको कुराले ज्ञानी बनाउँछ ।'

बचत मुख्यतः दैनिक आर्थिक व्यवहार गर्न, सम्पत्ति खरिद गर्न, लगानी गर्न, आपत्कालीन खर्च व्यहोर्न, पुरानो कर्जा तिर्न, विवाह, व्रतबन्ध लगायतका विभिन्न सामाजिक व्यवहार गर्न, शिक्षा, स्वास्थ, भ्रमण आदिका कार्यका लागि गर्ने गरिन्छ । आम्दानीभन्दा खर्च कम गरेर, खर्च कटौती गरेर वा नियमितरूपमा केही बचाएर बचत गर्न सकिन्छ । बचत मुख्यतः बैङ्कवित्तीय संस्था, लघुवित्त संस्था, सहकारी संस्था, हुलाक बचत बैङ्क, बीमा, विभिन्न उपभोक्ता समूह आदिमा गर्न सकिन्छ । आफ्नो बचत रकममा ब्याज आर्जन हुने तथा चोरी, डकैती, आगलागी आदिबाट समेत सुरक्षा हुने हुँदा बचत गर्दा बैङ्कवित्तीय संस्थाहरूमा मात्र गर्नु उपयुक्त हुन्छ ।

### १०.४.२ कर्जा व्यवस्थापन

निर्धारित समयपछि निर्धारित ब्याजसहित फिर्ता गर्ने शर्तमा कुनै खास उद्देश्य पूर्तिका लागि अन्य निकाय वा व्यक्तिसँग लिइएको रकम नै कर्जा हो । मुख्यतः आर्थिक क्रियाकलाप गर्न तथा उद्योग व्यवसाय गर्न कर्जा लिइने गरिन्छ । कर्जा लिँदा मुख्यतया कुन निकायबाट लिने, ब्याजदर कति तिर्नुपर्ने हो, धितो राख्नुपर्ने हो वा होइन, जुटाउनुपर्ने कागजात के के हुन्, कति किस्तामा कर्जा चुक्ता गर्नु पर्ने हो, कर्जा समयमा तिर्न नसक्दा लाग्ने जरिवाना के कति हो, कर्जा समयमा तिर्न नसकेमा ब्याजलाई साँवामा गाभ्ने हो वा होइन, कर्जा तिर्न नसकेमा कालो सूचीमा राखिने हो वा होइन, कर्जा लिँदा घरपरिवारका सदस्यहरू जमानी बस्नुपर्छ कि पर्दैन, सामूहिक जमानीमा कर्जा लिएको भएमा के हुन्छ, कर्जा लिएको उद्देश्यभन्दा फरक कार्यमा सो रकम खर्च गरेमा के के हुन सक्छ आदि बारेमा पहिले नै जानकारी लिएर मात्र कर्जा लिने गर्नुपर्दछ ।

### १०.४.३ लगानी व्यवस्थापन

भावी आम्दानीका लागि कुनै सम्पत्तिको खरिद नै लगानी हो । लगानीलाई निश्चित आम्दानी तोकिने गरी गरिने लगानी र परिवर्तनशील आम्दानी हुने लगानी गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । कर्जा तमसुक, मुद्दति खाताबाट आउने व्याज रकमका लागि गरिने लगानीमा प्रायः निश्चित दरमा प्रतिफल प्राप्त हुन्छ भने कुनै संस्थाको स्वामित्वका लागि गरिने लगानी र केही वस्तु जस्तै सुन, नगदेबाली जस्तै अलैंची, जडीबुटी आदिमा गरिने लगानीको प्रतिफल परिवर्तनशील हुन्छ । साधारणतः मानिस व्यावहारिक र अनुभवी भएपछि मात्र लगानीका कुरा गरिन्छन् र लगानी गर्ने सोचाइ बनाइन्छ । उमेर सानो हुँदैमा लगानी गर्ने उमेर भएको छैन भन्ने होइन । वित्तीय सचेतना भएका सबैले लगानीका क्षेत्रमा सहभागिता जनाउन सक्दछन् । त्यसैले लगानी गर्ने ज्ञान र बानीको अभ्यास सानै उमेरदेखि गराउन सकिएमा पछिका जीवनमा आम्दानीका अनेकौँ बाटाहरूको सिर्जना हुन्छ । मानिसको आय आर्जन गर्ने क्षमतामा विकास हुन्छ । लगानी गर्ने बानीले मानिसमा आर्थिक परनिर्भरता कम हुँदै जान्छ । वित्तीय सचेतनाको अभिवृद्धि हुन्छ । यसका लागि लगानी व्यवस्थापनसम्बन्धी जानकारी दिन सकिएमा किशोर किशोरीहरूले माध्यमिक तहदेखि नै यसतर्फ सोचाइ राख्न र बचाएर राखेको पैसालाई लगानी गर्ने रुचि देखाउन सक्दछन् । लगानी छोटो समयका लागि वा लामो समयका लागि पनि गर्न सकिन्छ । लगानी व्यवस्थापनका लागि उपयुक्त हुन सक्ने केही सल्लाहतल प्रस्तुत गरिएको छ :

(क) लगानी गर्न सकिने उपयुक्त क्षेत्र पहिचान गर्ने र आफ्नो क्षमताअनुसार लक्ष्य निर्धारण गर्ने ।

(ख) जान्ने बुझ्ने व्यक्तिसित परामर्श लिने, आर्थिक समाचारहरू सुन्ने वा पढने र निष्कर्षमा पुग्न आफैँले अनुसन्धान गर्ने ।

(ग) लगानीका लागि केही रकम बचत गरिराख्ने र उपयुक्त समय आएको बेलामा उक्त  बचत रकम लगानी गर्ने ।

(घ) भविष्यमा राम्रो प्रतिफल दिन सक्ने सम्भाव्यता देखिएमा मात्र लगानी गर्ने र, त्यस्ता क्षेत्रमा लगानी बढाउँदै लैजाने ।

(ङ) एउटैमा बढी लगानी गर्नुको सट्टा कम भए तापनि विभिन्न क्षेत्रमा लगानी गर्ने ।

(च) जुन क्षेत्रमा बढी जानकारी हासिल भएको छ, त्यसैमा लगानी गर्ने । (स्रोतः अभियान अनलाइन पत्रिका)

सामाजिक अध्ययन, अर्थशास्त्र, गणित, पेसा व्यवसाय आदि जस्ता विषयहरूमा लगानी, लाभांश, सेयर, कर्जा, ऋणपत्र, धितोबजार, बैङ्किङ सेवा, नागरिक लगानी, आदिजस्ता विषय वस्तुहरू पाठमा आउँछन् । त्यस्ता पाठहरूलाई शिक्षण गर्नका लागि लगानी व्यवस्थापनसम्बन्धी क्रियाकलापमा सहभागी गराइएमा त्यस्तो सिकाइ दिगो र व्यावहारिक हुन सक्दछ । शिक्षालाई व्यावहारिक बनाउने काम शिक्षण सिकाइ क्रियाकलापले पनि गर्दछ ।यसका लागि शिक्षकले कक्षामा सेयर प्रमाण पत्र, ऋणपत्र,

लगानी कोषको परिचय पत्र, स्टेटमेन्ट, आदि ल्याई कक्षामा प्रस्तुत गर्न र विद्यार्थीहरूलाई अध्ययन गर्न लगाउन सक्दछन् । त्यस्तो लगानीको सेवा प्रदान गर्ने कुनै संस्था, अड्डा, फर्म आदि भए त्यस्तो ठाउँमा अवलोकन भ्रमण गर्न लैजाने र त्यस्तो काम गर्ने कुनै व्यक्ति भए स्रोतव्यक्तिका रूपमा आमन्त्रण गरी शिक्षण गर्न सकिन्छ ।

### १०.४.४ जोखिम व्यवस्थापन

जोखिम भनेको खासमा खतरा वा घटनाको सम्भावना हो । कुनै पनि आन्तरिक वा बाह्यकारणबाट कुनै पनि व्यक्ति, परिवार वा समुदायलाई हानी नोक्सानी वा दु:ख हुने घटना घट्ने खतराको सम्भावनालाई जोखिम भनिन्छ । (स्रोत: वित्तीय साक्षरता सहभागी पुस्तिका, युएसआइडी र पहल) सम्भावित घटना कहिले हुन्छ थाहा हुँदैन । परिवारका सदस्य गम्भीर रूपमा बिरामी पर्नु, परिवारका सदस्यको मृत्यु हुनु, नभेटिने गरी हराउनु, बाढी पहिरोले परिवारमा धनजनको क्षति हुनु, भूकम्पले घर सम्पत्तिमा क्षति पुग्नु, असिना, खडेरी, पहिरो आदिले लगाएको बालीनाली नष्ट हुनु, चोरीडकैती हुनु, पशुधनको मृत्युहुनु, आगलागीले ध्वस्त हुनु, व्यापार व्यवसाय डुब्नु, पढाइ, रोजगारीका प्रतिस्पर्धामा निरन्तर निराशाजनक नतिजाहरू आउनु, आदि मानिसका जीवनमा आइरहन सक्ने जोखिमहरू हुन् । यस्ता जोखिमले धनजनको क्षति त हुन्छ नै परिवारिक संरचना र आर्थिक अवस्थामा ठूलै सङ्कट र विचलन आउन सक्छ । यस किसिमका सङ्कटहरूका बारेमा समयमै विद्यालयमा चर्चा गरियो भने बाल बालिकाहरू सानै उमेरदेखि त्यस्ता जोखिमहरू प्रति सचेतर सहजग भई मानसिक रूपमा तयार रहन सक्दछन् । यसका लागि बाल बालिकाहरूलाई विद्यालयमा पाठ्यपुस्तकमा भएका पाठहरूलाई जोड्दै जोखिम न्यूनीकरणका उपायहरूबारेमा छलफल र कुराकानी गर्न लगाउन आवश्यक हुन्छ ।

जोखिम न्यूनीकरणका उपायहरू पूर्वतयारी, बचत र बीमा हुन् । यस्ता उपायहरूले जोखिम हुनबाट जोगाउन सक्दछन् र जोखिम भइहाले पनि बढी क्षति हुनबाट जोगाउँछ ।

**(क) पूर्वतयारी :** भविष्यमा भरसक कुनै पनि किसिमको आपद विपत् नआओस् र आइहाले पनि सहजै सामना गर्न सकियोस् भनेर मानसिक, आर्थिक र भौतिक रूपमा आवश्यक व्यवस्था गर्नु नै पूर्वतयारी हो । मानसिक रूपमा तयारी गर्नाले जोखिम भएको बेलामा चिन्ता, दु:ख र पिर जस्ता संवेगलाई व्यवस्थापन गर्न सकिन्छ । आर्थिक रूपमा तयारी गर्नाले तत्काल आवश्यक पर्ने खर्चको व्यवस्थागर्न सकिन्छ । भौतिक रूपमा व्यवस्थापन गर्नाले आवश्यक खाद्य सुरक्षा र बसाइको व्यवस्थागर्न सकिन्छ ।

**(ख) बचत :** बचत भनेको बचाएर राख्नु हो । बचाएर राखेको कुराले आपत् विपत्मा कसैको बाटो हेर्नु पर्दैन । बचत गरेको पैसा जोगाएर तुरुन्तै अर्को व्यवस्था गर्न सकिन्छ । बचत पनि एक प्रकारको पूर्वतयारी नै हो । यसका लागि स्थानीय

सहकारी संस्था तथा बैङ्कहरूले प्रदान गर्ने विभिन्न किसिमका बचत सुविधाका बारेमा ब्रोसरहरू अध्ययन गर्न लगाई थप व्यावहारिक जानकारी दिन सकिन्छ ।

(ग) **बीमा :** बीमा भनेको क्षति भइहालेमा त्यसको क्षति व्यहोरिदिने व्यवस्था हो । यस्तो क्षतिपूर्ति आंशिक वा पूरै पनि हुन सक्दछ । यस्तो सुविधा लिनका लागि बीमा गर्न चाहनेले बीमा सेवा दिने संस्थासित आवश्यक प्रक्रिया पुऱ्याई निवेदन दिनुपर्दछ र स्वीकृत भएर लाग्ने शुल्क तिरेपछि यस्तो सेवा पाइन्छ । यससम्बन्धी विषय वस्तुहरू विद्यालयमा पाठ्यपुस्तकमा पनि हुनसक्छन् । त्यही पाठका आधारमा शिक्षकले विद्यार्थीलाई यथेष्ठ बीमासम्बन्धी जानकारी दिन सक्दछन् । यसका लागि स्थानीय बीमा प्रदायक संस्थाबाट बीमा गर्दा आवश्यक पर्ने कागजात फारामका नमुनाहरू ल्याई भर्न लगाएर प्रयोगात्मक अभ्यास गराउन सकिन्छ ।

## १०.५ उद्यम व्यवस्थापन

उद्यम भनेको मुख्य पेसाका अतिरिक्त समय र फुर्सद मिलाएर सोखका रूपमा गरिने सानोतिनो पेसागत क्रियाकलाप हो । यस सहजीकरण पुस्तिकाको आशय पनि विद्यालयमा अध्ययनरत बाल बालिकाहरूलाई विद्यालयमा दैनिक पठन पाठनका अतिरिक्त उनीहरूमा सामाजिक तथा वित्तीय साक्षरता सिप विकास गराउने क्रियाकलापमा सहभागी गराउनु हो । बाल बालिकाको रुचि र आवश्यकतानुसार विद्यालयमा यस्ता अनेकौँ उद्यमहरू सञ्चालन गर्न सकिन्छ । ती मध्ये यहाँ विद्यालयमा सञ्चालन गर्न सकिने केही सामाजिक, वित्तीय र सामाजिक वित्तीय उद्यमका शैक्षिक क्रियाकलापहरूलाई समेटिएको छ । विद्यालयमा सञ्चालन गर्न सकिने उद्यमहरूलाई मूलतः सामाजिक उद्यम र वित्तीय उद्यम गरी २ भागमा बाँडन सकिन्छ :

### (क) सामाजिक उद्यम

सामाजिक उद्यम भनेको सामाजिक शिक्षा, सामाजिक अध्ययन, जनसङ्ख्या शिक्षा आदि जस्ता सामाजिक विज्ञानका विषयले समेटेका विषय वस्तुहलाई सुदृढीकरण गराउनका लागि गरिने थप शैक्षणिक क्रियाकलाप हो । यसअन्तर्गत बाल बालिकाहरूले सामुदायिक हितका लगि गरिने कार्यहरू पर्दछन् । यस्तै सामाजिक मूल्यमान्यता, रहनसहन, चालचलन, समाज विकास प्रक्रियाका बारेमा जानकारी गराउने क्रियाकलापहरू पनि पर्दछन् । सामाजिक उद्यमहरूको जानकारी र प्रचार प्रसार घरदैलो अभियान, अन्तरक्रिया, बहस, पैरवी, वादविवाद, सडक नाटक, खेल, कथा र गीत आदिजस्ता माध्यमहरूको उपयोग गर्न सकिन्छ ।

### (ख) वित्तीय उद्यम

वित्तीय उद्यम भनेको आम्दानी, बचत र आय आर्जन गर्ने एक वित्तीय आदत हो । यसअन्तर्गत बाल बालिकाहरूले विद्यालय तथा घरमा आफ्नो नियमित

पठनपाठनको अतिरिक्त बचत, वस्तु उत्पादन तथा बिक्री वितरण आदिमार्फत आर्थिक उपार्जनका लागि गरिने क्रियाकलापहरू पर्दछन् । जसबाट बाल बालिकाहरूमा आर्थिक बचत तथा परिचालनसम्बन्धी धारणाको विकास भई भविष्यमा सफल उद्यमी बन्नका लागि आधार तय हुनेछ । वित्तीय उद्यमहरूपेसा, व्यवसाय र प्रविधि विषयसँग आबद्ध गरी सञ्चालन गर्न सकिन्छ ।

**(ग) सामाजिक तथा वित्तीय उद्यम**

सामाजिक तथा वित्तीय उद्यम अन्तर्गत बाल बालिकाहरूलाई सामाजिक मूल्य मान्यता एवम् सामाजिक गतिविधिहरूमा संलग्न गर्नुका साथसाथै त्यसबाट आर्थिक उपार्जन समेत हुने खालका क्रियाकलापहरू पर्दछन् ।

## ११. बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यान्वयन विधिहरू

### ११.१ बचत विधि

यस कार्यक्रमको मुख्य उद्देश्य बाल बालिकालाई बढीभन्दा बढी बचत गर्न लगाउने नभएर उनीहरूलाई सानैदेखि बचतप्रति सकारात्मक धारणाको विकास गराउनु हो भन्ने सम्बन्धमा शिक्षक, विद्यार्थी र अभिभावक सबै प्रष्ट हुनुपर्ने छ ।

(क) विद्यार्थीहरूमा मासिक रूपमा निश्चित रकम बचत गर्ने प्रणाली विकास गराउने । बाल बचत कार्यक्रमको उद्देश्य बाल बालिकाहरूलाई भोलिको सुरक्षणका लागि बचत गराउने तथा आर्थिकर बैङ्किङ कार्यप्रणालीका बारेमा धारणा बोध गराउनु पनि हो । त्यसैले विद्यार्थीले रकम जम्मा गर्न सक्ने क्षमताका आधारमा मात्र न्यूनतम तथा अधिकतम बचत सीमा विद्यालयबाटै निर्धारण गर्न लगाई आधारभूत तह कक्षा ६ देखि माथिका सबै बाल बालिकाहरूलाई नियमित बचतमा उत्प्रेरित गर्ने । यसका लागि विद्यार्थीहरूकाबीचमा अधिक बचत गर्ने होडबाजी चल्न नदिने र बचतलाई अस्वस्थ प्रतिस्पिर्धाबाट जोगाउन बचतको सीमा निर्धारण गर्ने ।

(ख) बचतको सीमा निर्धारण गर्दा कक्षा ४ र ५ का विद्यार्थीहरूले घरमै खुत्रुके राख्ने हुँदा उनीहरूको बचतलाई ऐच्छिक र कक्षा ५ सम्मका  प्रत्येक बाल बालिकाहरूको हकमा उनीहरूको पूर्ण स्वामित्वमा रहने गरी आ-आफ्नो घरमा एकएक ओटा खुत्रुकेको व्यवस्थाका लागि अभिभावक भेलामा बालक्लबका पदाधिकारीहरूमार्फत् अभिभावकहरूलाई जानकारी गराउने । जब उनीहरू कक्षा ६ मा आइपुग्छन्,तब उनीहरूको खुत्रुकेको रकमलाई एकमुष्ठ रूपमा प्रारम्भिक बचतको रूपमा विद्यालयमा सङ्कलन गरी खातामा राखिदिने ।कक्षा ६ देखि १२ सम्मका विद्यार्थीको बचतको सन्दर्भमा उनीहरूलाई हालका लागि स्वेच्छिक रूपमा हप्तामा १ पटक न्यूनतम रु. ५ देखि बढीमा रु. ५० सम्म मात्र बचत गर्न लगाउने । क्षमता भए पनि निर्धारित सीमाभन्दा बढीको रकम स्वीकार नगर्ने ।

(ङ) यदि कुनै विद्यार्थी बचत कार्यक्रममा संलग्न हुन चाहँदैन वा बिचमा गएर ऊ बचत कार्यक्रमबाट बाहिर निस्कन चाहन्छ भने उससँग कुनै कारण नसोधी उसलाई उसको सबै हिसाब किताब फिर्ता गर्ने गरी त्यस्तो सुविधा सहज रूपमा प्रदान गर्ने ।

(च) कसले कति बचत गर्यो भनी सार्वजनिक रूपमा उद्घोष तथा प्रकाशन नगर्ने र विद्यार्थीहरूलाई आफ्नो बचत कति भयो भनी हेर्न दिँदा उनीहरूको मात्र विवरण हेर्न दिने र अन्य विद्यार्थीको बारेमा सामान्यतः जानकारी नगराउने ।

(छ) बचतकर्ताको विवरण प्रकाशित गर्नुपर्ने भएमा निजहरूको बचत रकमका आधारमा नगरी विद्यार्थीको रोल क्रम वा वर्णानुक्रमको आधारमा मात्र तयार गरी प्रकाशित गर्ने ।

(ज) कम बचत गर्ने विद्यार्थीको तुलनामा बढी बचत गर्ने विद्यार्थी असल हो भन्ने भावना कुनै पनि अवस्थामा सिर्जना हुन नदिने र सो आधारमा व्यवहार नगर्ने नगराउने र अस्वस्थ प्रतिस्पिर्धा गर्नबाट समग्र बचत कार्यक्रमलाई जोगाउने ।

(झ) बचत कार्यक्रममा संलग्न हुन इच्छा नगरेका वा नभएका विद्यार्थीहरूलाई पनि समान रूपमा कुनै भेदभाव गरेको महसुस नहुने गरी बाल सामाजिक तथा वित्तीय शिक्षा अन्तर्गतका बचत बाहेकका अन्य क्रियाकलापहरूमा सहभागी र सामेल गराउने ।

(ञ) विद्यार्थीबाट सङ्कलन भएको रकमलाई भरपर्दो स्थानीय बैङ्क तथा वित्तीय संस्थार सहकारीहरूमा जम्मा गर्ने व्यवस्था विद्यालयले मिलाउने । विद्यार्थीबाट भएको बचत रकमको सुरक्षण सुनिश्चितता हुने गरी कुनै विश्वसनीय बैङ्क तथा वित्तीय  संस्था छनोट गर्ने ।

(ट) बालबचत कार्यक्रमको सहजीकरणका लागि विद्यालयले विद्यालयको लेखा हेर्ने कर्मचारीलाई जिम्मेबार बनाउने ।

(ठ) बैङ्क तथा वित्तीय संस्थारसहकारीले आफ्नो प्रतिनिधिमार्फत् महिनाको कुनै निश्चित दिन तोकी सोही दिन विद्यालयमा नै उपस्थित भई बचत रकम सङ्कलन गर्ने व्यवस्था मिलाउने । साथै प्रत्येक विद्यार्थीको नाममारहेको सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाबाट उपलब्ध गराइएको पास बुकमा बचत रकम, ब्याज लगायतका विवरणहरू अद्यावधिक गरी विद्यार्थीलाई उपलब्ध गराउने ।

(ड) बैङ्किङ प्रणालीका बारेमा स्थानीय बैङ्क तथा वित्तीय संस्थारसहकारी संस्थाका प्रतिनिधिहरू मार्फत आम्दानी र खर्च, कर्जा तथा ब्याज, बैङ्क खाता खोल्ने तथा नवीकरण गर्ने प्रक्रिया आदि सम्पूर्ण बैङ्किङ प्रणाली, बीमा, पुँजीबजार आदिका बारेमा शैक्षिक सत्रको सुरुमानै विद्यार्थीहरूलाईअभिमुखीकरण गर्ने व्यवस्था मिलाउने ।

(ढ) बैङ्किङ प्रणालीका बारेमा विद्यार्थीहरूलाई व्यावहारिक र नमुना अभ्यास गराउने । आफूले जम्मा गरेको रकमबाट आउने ब्याज रकमको केही अंश बाल क्लबहरूको आयोजनामा हुने विद्यालयस्तरीय कार्यक्रममा खर्च गर्न सकिने । साथै असहाय विद्यार्थीहरूको पठनपाठनको नियमितताका लागि समेत सहयोग गर्न सकिने व्यवस्था मिलाउन सकिने । तर सोसम्बन्धी निर्णय बालक्लब तथा विद्यार्थीहरूको स्वेच्छा र सहमतिअनुसार हुनेगरी गर्ने ।

(ण) बचतकार्यक्रमअन्तर्गत विद्यार्थीहरूबाट हुने नियमित बचत रकमका लागि अभिभावकहरूसँग भर नपर्ने वातावरण सिर्जना गर्न बाल बालिकाहरू स्वयंले नै पुँजी उत्पादनका उपायहरूबारे छलफल गराउने ।

(त) नियमित बचत कार्यका लागि विद्यालयमा क्रियाशील बालक्लबका पदाधिकारीहरूले सबै विद्यार्थीहरूलाई जानकारी गराउने ।

## ११.२ बैङ्क खाता सञ्चालन विधि

(क) सङ्कलित रकमलाई उपलब्ध बैङ्क वावित्तीय संस्थामध्ये कुन संस्थामा खाता खोलिराख्ने भन्ने सम्बन्धमा विद्यार्थीको भेलाले निर्णय गर्ने ।

(ख) संस्था छनोट गर्दा उपलब्ध भएसम्म ‘क’ वर्गको वाणिज्य बैङ्क, ‘ख’ वर्गको विकास बैङ्क, ‘ग’ वर्गको वित्त कम्पनी वा सर्वसाधारणको बचत समेत सङ्कलन गर्न नेपाल राष्ट्र बैङ्कबाट अनुमति पाएको ‘घ’ वर्गको लघुवित्त विकास बैङ्कको उपलब्धताका आधारमा प्राथमिकता क्रम निर्धारण गरी निर्णय गर्ने । अन्य बैङ्कवित्तीय संस्था उपलब्ध नभएको अवस्था भएमा स्थानीय सहकारी संस्थाको उपयोग गर्ने बारेमा छलफल गरी निर्णय लिने । यस्तो निर्णय गर्दा सहकारी संस्थाले उसका सदस्य नभएको व्यक्तिहरूसँग कारोबार गर्न नसक्ने प्रावधानका सम्बन्धमा समेत ध्यान दिने ।

(ग) वित्तीय संस्थाहरूको छनोट गर्दा दूरीका अतिरिक्त संस्थाको साख तथा विश्वसनीयता, प्राप्त हुने ब्याजदर, रकमको सुरक्षा, आवश्यक परेको समयमा रकम झिक्न वा राख्न सकिने सुविधाको उपलब्धता, संस्थाले रकम सङ्कलन गर्न विद्यालयसम्म प्रतिनिधि पठाई सहयोग गर्न सक्ने नसक्ने विषयको सुविधा आदि बारेमा समेत विचार विमर्श गरी सामूहिक भेलाबाट छलफल चलाई निर्णय लिने र यस सम्बन्धमा समेत माइन्युट गर्ने ।

(घ) बैङ्कवित्तीय संस्थामा खाता खोल्दा एक जना सामाजिक शिक्षक र विद्यार्थी स्वयम्ले छनोट गर्ने अर्को एकजना शिक्षकको नाममा संयुक्त खाता सञ्चालन गर्ने बारेमा विद्यार्थीको भेलाले निर्णय गर्ने र सोको समेत माइन्युट गर्ने ।

## ११.३ कर्जा प्रदान र परिचालन विधि

(क) सङ्कलित रकमलाई केवल खातामा राखी ब्याज आर्जन गर्ने मात्र कार्य नगरी सोरकमलाई सदुपयोग गरी विद्यार्थीलाई स्थानीयस्तरमा सानातिना आर्थिक क्रियाकलापमा संलग्न गराउन समेत विद्यालयले पहल गर्ने । यसका लागि

विद्यार्थीहरूको स-साना ५/५ जनाको समूह बनाई ति समूहहरूलाई निश्चित रकमसम्मको कर्जा लिन उत्प्रेरित गर्ने । यस्तो रकम घटीमा १ दिनदेखि बढीमा ३ महिनासम्मको अल्पकालीन आर्थिक गतिविधिमा मात्र लगानी गर्न प्रेरित गर्ने । जस्तै: भोलिपल्ट हाटबजार लाग्ने दिन परेको छ भने ५ जनाको समूह मिलेर आजको मितिमा रु. १००० कर्जा लिने र सो रकमबाट केही स्टेसनरी सामान होलसेलमा खरिद गरी भोलि पल्टको हटियामा विद्यालय समय पश्चात गएर बिक्री गरी पुन: सो रकम दिनगन्तीको ब्याज सहित फिर्ता गर्ने । अथवा कर्जा लिएको रकमले सिजनमा अम्रिसो खरिद गरेर आफैले कुच्चो बनाई बेचेर वा तयारी कुच्चो होलसेलमा किनेर विदाको दिनहरूमा बिक्री गरी ब्याज सहित कर्जा चुक्ता गर्ने आदि । यसका लागि प्रत्येक विद्यार्थीलाई कुनै न कुनै समूहमा अनिवार्य रूपमा आवद्ध गराई प्रत्येक समूहलाई कम्तीमा महिनामा एक पटक कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न हुनुपर्ने भन्ने व्यवस्था गर्न सकिने । यस सम्बन्धी निर्णयहरू समेत भेलाबाटै गराई माइन्युट गर्ने ।

(ख) कोषमा रकमको कमी भएमा र कर्जाको माग बढी भएमा पहिलो निवेदन दिनेलाई पहिलो प्राथमिकतामा राखी कर्जा प्रदान गर्ने र रकम वितरण गर्दा सकेसम्म थोरै थोरै रकम धेरै ओटा समूहलाई पुग्ने गरी र व्यवसायको प्रकृति हेरी रकम बाँडफाँड/वितरण गर्ने अभ्यास गर्ने ।

(ग) कर्जा उपलव्ध गराउँदा सामूहिक जमानीमा तमसुकको व्यहोरा उल्लेख भएको कागजातमा हस्ताक्षर गराएर मात्र रकम उपलव्ध गराउने । यस अभ्यासको मुख्य उद्देश्य ठूलो रकमको ब्यावसाय गरेर बढी फाइदा आर्जन गर्ने नभई बढीभन्दाबढी विद्यार्थीहरूले स-सानो रकम कर्जा लिएर आफैले आर्थिक क्रियाकलापमा संलग्न हुन सकून् भन्ने उद्देश्य राख्ने । यस कार्यले विद्यार्थीहरूमा समूहमा मिलेर कार्य गर्ने र व्यावसायिक बानीको विकासहुन्छ ।यस्तो कर्जा शिक्षक, अभिभावक वा अन्य बाहिरी व्यक्तिको प्रयोगार्थ उपलब्ध नगराउने ।

## ११.४ कर्जाको ब्याजदर निर्धारण विधि

(क) कर्जामा लाग्ने ब्याजदर तोक्ने वा परिवर्तन गर्ने कार्य केवल विद्यार्थीहरूको भेलाले मात्र गर्न सक्ने व्यवस्था गर्ने । माइन्युटमा ब्याजदरको प्रतिशत स्पष्ट रूपमा उल्लेख गर्ने ।

(ख) ब्याजदर निर्धारण गर्दा उनीहरूले आफ्नो बचतमा बैङ्कबाट त्यतिबेला पाइरहेको ब्याजदरभन्दा बढीमा ५ प्रतिशतसम्म मात्र बढी फरक दर (स्प्रेड दर) कायम गरेर कर्जाको ब्याजदर निर्धारण गर्ने व्यवस्था गर्ने । जस्तै: उनीहरूले खाता खोलेको बैङ्कले उनीहरूको बचतमा वार्षिक ५ प्रतिशत ब्याजदर दिने गरेको छ भने त्यस्तो अवस्थामा उनीहरूले कर्जाको ब्याजदर बढीमा १० प्रतिशतसम्म मात्र तोक्नु उचित हुने ।

## ११.५ सामाजिक कार्यमा बचत रकमको उपयोग विधि

(क) विद्यार्थी र शिक्षकको भेलाबाट निर्णय र माइन्युट गरी कोषमा जम्मा भएको रकममध्येबाट सानो तिनो रकम खर्च गर्ने गरी कुनै स्थानीय सामाजिक कार्यहरू जस्तै सरसफाइ, स्वास्थ कार्यक्रम, वृक्षरोपण, प्रौढ शिक्षा सञ्चालन, शैक्षिक मेला, कृषि मेला सञ्चालन, वित्तीय साक्षरता तथा जनचेतना र्‍याली, बाटोघाटो मर्मत, खानेपानी सफाइ आदि जस्ता कार्यक्रम गर्न सकिने ।

(ख) त्यस्तो सामाजिक कार्य वर्षमा कम्तीमा २ ओटा अनिवार्य रूपमा गर्न प्रेरित गर्ने । यसका लागि अन्य सामुदायिक संस्था, सङ्घ संस्थाहरूसँग मिलेर सहकार्य गर्न सकिने । यस्ता कार्यमा भएको खर्चलाई सामूहिक खर्चतर्फ देखाउने । यस्ता कार्यमा खर्च गर्दा मितव्ययी रूपमा खर्च गर्ने र एक पटकमा कुल बचत रकमको १० प्रतिशतभन्दा बढी रकम खर्च नगर्ने ।

## ११.६ बचत रकम फिर्ता विधि

(क) कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरूमध्ये विद्यालयबाट पढाइ सम्पन्न गरी बहिर्गमन भई जाने विद्यार्थीहरूलाई वा बिचैमा विद्यालय परित्याग गरी जाने बचतकर्ता विद्यार्थीहरूको रकमलाई हिसाब किताब गरी एकमुष्ठ साँवा र आर्जित ब्याज रकम समेत दामासाहीले फिर्ता गर्ने ।

(ख) यसरी रकम फिर्ता गर्दा बीचमा विद्यालय छोडी अन्यत्र जानेहरूको हकमा व्यक्तिगत चेकमार्फत रकम फिर्ता गर्ने । यसो गर्दा एकातर्फ चेकमा कारोबार गर्ने बानी पर्ने र अर्कोतर्फ हिसाब किताब बुझ्ने बुझाएको विवरण रेकर्डमा समेत देखिने हुँदा यस कार्यलाई बढावा दिने ।तर विद्यालयबाट पढाइ पुरा गरी बहिर्गमन भई जाने विद्यार्थीको हकमा उनीहरूलाई नागरिकता बनाउन प्रेरित गरी विद्यालयले कारोवार गरिरहेकै बैङ्कवित्तीय संस्थामा उनीहरूकै नामको व्यक्तिगत खाता खोल्न लगाउने र फिर्ता पाउनुपर्ने रकम (साँवा, आर्जित ब्याज, आदि) हिसाब किताब गरी संस्थाको खाताबाट निजको खातामा एकाउन्ट पेयी चेक काटेर रकम स्थानान्तर गरिदिने । यसले गर्दा एकातर्फ उनीहरूलाई समयमै नागरिकता बनाउन उत्प्रेरणा हुन जान्छ भने अर्कोतर्फ उनीहरूमा आफ्नै खाता सञ्चालन गर्ने बानीको विकास हुन जान्छ । यसका साथै, विद्यालय छाडेपछि एकमुष्ठ रकम प्राप्त हुने हुँदा सो रकमबाट विद्यार्थीले कुनै सानोतिनो आर्थिक क्रियाकलाप गर्न चाहेमा भविष्यका लागि बीज पुँजी समेत खडा हुन सक्छ ।

## ११.७ वित्तीय उद्यम सञ्चालन विधि

(क) आफूले अभिभावकबाट दैनिक रूपमा पाउने खर्च रकमबाट केही अंश कटाई दैनिक रूपमा जम्मा गर्ने ।

(ख) आफूले कटाएको रुपियाँ पैसालाई बैङ्कको खातामा आफैँले जम्मा गर्ने र चेक काटी आफूलाई गाह्रो सारो पर्दा निकाल्ने र पुनः जम्मा गर्ने ।

(ग) आर्थिक कारोबारका लागि आफैँले बैङ्क भौचर भर्ने, रकम जम्मा गर्ने र चेक काटी रकम निकाल्ने ।

(घ) आयआर्जनका वैकल्पिक उपायहरूको खोजी गर्ने र अपनाउने प्रयास गर्ने ।

(ङ) विद्यालयको हाताभित्र रहेको खेतीयोग्य खाली जग्गामा तरकारी खेती वा अन्य नगदेबाली लगाई त्यसको उत्पादन तथा बिक्रीगरी अर्थोपार्जन गर्ने । त्यसको अभिलेख राख्ने । प्रतिवेदन तयार गर्ने ।

(च) विद्यालयमा खेर गइरहेका सङ्कलन गर्न वा पुन: प्रयोग गर्न वा त्यसलाई भाडामा दिन वा विक्री वितरण गर्न सकिने थोत्रा तथा पुराना वस्तुहरूको पहिचान गर्ने र परिचालन गर्ने ।

(छ) हस्तकला विकास तथा विक्री गरी आय आर्जन गर्ने ।

(ज) स्थानीय महत्त्वका खाद्य वा पहिरनका वस्तुहरू उत्पादन तथा बिक्री गरी आय आर्जन गर्ने ।

## ११.८ सामाजिक उद्यम सञ्चालन विधि

(क) आय र व्ययको सन्तुलनको कमीका कारण परिवारमा हुने सामाजिक कुरीति, कुप्रथा, अन्धविश्वास (जस्तै बोक्सी, दाइजो, छाउपडी, बालविवाह लगायत पहिचान गर्ने । त्यस्ता कुरीतिका प्रतिनिधिमूलक उदाहरणहरू सङ्कलन गर्ने । त्यस्ता कुरीति हटाउन मद्दत पुग्ने सहित सामाजिक सचेतना क्रियाकलाप सञ्चालन गर्ने ।

(ख) स्थानीय गाउँघरमा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको संरक्षण, संवर्द्धन, परिचालन तथा उपयोग विधिसम्बन्धी जनचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ग) व्यक्तिगत तथा सामाजिक आर्थिक आवश्यकता बिचका भिन्नताहरू पहिचान गराउने र तिनले समाजमा पार्ने प्रभाव बोध गराउने क्रियाकलापहरू सञ्चालन गर्ने ।

(घ) सामाजिक सदाचार कायम गर्नेर भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ङ) विद्यालयमा लागु औषध दुर्व्यसनका कारण हुने धनजनको क्षति र यसबाट हुने क्षतिको न्यूनीकरणसम्बन्धी क्रियाकलाप सञ्चालन गर्ने ।

(च) विद्यालयबाहिर रहेकाबाल बालिकाहरूलाई विद्यालय शिक्षाको अवसरका लागि तथा विद्यालयमा नियमित उपस्थितिका लागि अभिभावक सचेतना अभिवृद्धि गर्ने ।

(छ) स्थानीय प्रथा, रीतिरिवाज, संस्कृतिको जगेर्नासम्बन्धी पाठहरूलाई स्थलगत भ्रमणमा आधारित परियोजना कार्यका माध्यमबाट शिक्षण गरी सचेतना अभिवृद्धि गर्ने ।

(ज) घर तथा परिवारमा बालमैत्रीपूर्ण व्यवहार निर्माणमा बाल बालिकाहरूलाई परिचालन गर्ने ।

(झ) स्थानीय सामाजिक अगुवा तथा आदर्श व्यक्तित्त्वहरूको सफलताका कथा सङ्कलन गर्न लगाई प्रस्तुत गर्न लगाउने । सम्बन्धित व्यक्तिबाटै उक्त रणनीतिहरू प्रस्तुत गर्न लगाई राम्रा गुणहरूको अनुकरण गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(ञ) घरेलु हिंसा(कसुर र सजाय) ऐन, जातीय भेदभाव विरुद्धको ऐन, बोक्सी कसुर र सजाय ऐन, उपभोक्ता संरक्षण ऐन, मानव अधिकार, बाल अधिकारसम्बन्धी ऐन कानुनमाभएकामुख्य व्यवस्थाका बारेमाबाल बालिकाहरूले बुझ्ने शैलीमा अभिमुखीकरणगर्ने।

## ११.९ सामाजिक तथा वित्तीय उद्यमसञ्चालन विधि

(क) विद्यालयमा रहेको बालक्लबलाई सामाजिक तथा वित्तीय उद्यमको सञ्चालन र परिचालनमा सक्रिय बनाउने ।

(ख) विद्यालय रहेको क्षेत्रको स्थानीय हाटर बजारर पसलहरू वरिपरिको फोहोरलाई आवधिक रूपमा सङ्कलन तथा व्यवस्थापन गर्ने र सो वापत स्थानीय व्यापारीरपसलहरूबाट स्वेच्छिक आर्थिक सहयोग प्राप्त गर्ने ।

(ग) घरबाट निस्कने फोहोरलाई व्यवस्थापन गरी पुन: प्रयोग गर्न सकिने वस्तुहरूको पहिचान र प्रयोग तथा प्रयोग गर्न नसकिने वस्तुहरूको उचित व्यवस्थापन र तह लगाउने तरिका, कम्पोस्ट मल बनाउने तरिका बारेमा अभिमुखीकरण गर्ने र समुदायमा सडक नाटकका रूपमा प्रयोगात्मक अभ्यासहरू प्रदर्शन गर्ने ।

(घ) बालबालिकाहरूले आर्जन गरेको पेवा वा आफ्नो आम्दानीर कमाइलाई बचत गर्न र साथै उत्पादनमूलक क्षेत्रमा खर्च गर्न प्रोत्साहित गर्ने ।

(ङ) स्थानीय तहमा उपलब्ध हुने वित्तीय लगानीका क्षेत्र तथा लाभका क्षेत्रहरू पहिचान गर्न सघाउने ।

(च) आफ्नो र समुदायका परिवारमा बैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानीलाई फजुल खर्च नगरी उपलब्धिमूलक क्षेत्रमा लगानी गर्न समुदायमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न प्रोत्साहन गर्ने । त्यस्तो आम्दानीका लागि उपयुक्त हुने प्रतिफल बढी हुने लगानीका क्षेत्रहरू पहिचान गर्न समुदायका त्यस्तो आम्दानी गर्ने परिवारलाई सहयोग गर्ने ।

(छ) देउसी, भैलो, सडक नाटक, गितीनाटक, क्यारिकेचर आदिजस्ता माध्यमहरूलाई माथि भनिए जस्ता क्रियाकलापहरूका लागि सामाजिक सचेतनामूलक कार्यक्रमका रूपमा उपयोग गर्ने ।

## ११.१० बाल सामाजिक तथा वित्तीय उद्यम कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने थप कुराहरू

(क) कार्यक्रमले माथि निर्दिष्ट गरेका उद्देश्यहरू हासिल गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने र त्रैमासिक वा अर्धवर्षिक रूपमा उपलब्धि समीक्षा गर्ने ।

(ख) विद्यालयको नियमित पठनपाठनमा असर नपार्ने गरी र सकेसम्म पाठ्यान्तर क्रियाकलापमा नै समायोजन गरी क्रियाकलापहरू सञ्चालन गर्ने । शिक्षक र विद्यार्थीमा अतिरिक्त कार्यबोझको महसुस हुने अवस्था सकेसम्म सिर्जना नगर्ने । सकेसम्म इच्छुक, विद्यार्थीका प्रिय, लगनशील, विश्वसनीय, मृदुभाषी, सिर्जनशील, इमानदार र सामाजिक प्रतिष्ठा भएका शिक्षकलाई मात्र यस्तो कार्यक्रमको संयोजन गर्न दिने ।

(ग) विद्यालयस्तरमा हुने कार्यक्रमहरू जस्तै अतिरिक्त क्रियाकलाप, र्‍याली आदिजस्ता अभियानहरूबाल बालिकाहरूले नै सञ्चालन गर्ने गरीव्यवस्था मिलाउने । यसका लागि फोकल शिक्षकले मुख्य रूपमा सहजीकरण गर्ने ।

(घ) बाल सामाजिक तथा वित्तीय शिक्षाका क्रियाकलापहरूलाई परियोजना कार्यकारूपमा सञ्चालन गर्ने ।

(ङ) सामाजिक तथा वित्तीय क्रियाकलापलाई सामाजिक, पेसा, व्यवसाय र प्रविधि तथा अन्य विषयहरूसँग आबद्ध गरी सञ्चालन गर्ने । यसका लागि सबै विषयका शिक्षकहरू बसी संयुक्त योजना निर्माण गर्ने ।

(च) स्थानीयसिप तथा प्रविधिहरूको प्रवर्धन हुने गरी सामाजिक तथा वित्तीय उद्यमहरू सञ्चालन गर्ने ।

(छ) विद्यार्थी तथा विद्यार्थीको पँहुच बाहिरका धेरै समय तथा लागत लाग्ने क्रियाकलापहरू सञ्चालन नगर्ने ।

(जा।) विद्यालयमा सिकेका वित्तीय उद्यमहरूलाई आफ्नो घर तथा समुदायमा समेत स्थानान्तरण गरी अभिभावकहरूका लागि समेत बाल बालिकामार्फत उद्यमशीलताको भावना विकासमा सहयोगी बनाउने ।

(झ) बाल बालिकाहरूले प्रयोग गर्ने खाद्य वस्तु, स्रोतसाधन तथा समय समेतको सदुपयोगका लागि स्थानीयतामा आधारित गरी प्रभावकारी व्यवस्थापनका उपायहरू अवलम्बन गराउने ।

(ञ) विद्यालयमा सञ्चालन हुने क्रियाकलापहरूलाई समेत स्थानीय सामाजिक मूल्यमान्यता तथा परम्परागत ज्ञानसँग आबद्ध गर्ने ।

(ट) बाल सामाजिक तथा वित्तीय शिक्षालाई कुनै विषय विशेषको मात्र विषय वस्तु नबनाई सोसँग सम्बन्धित सबै विषय शिक्षणमा आबद्ध गराउने ।

(ठ) बाल सामाजिक तथा वित्तीय उद्यमसम्बन्धी कार्यहरू बालक्लब तथा अन्य बाल बालिकाहरूको अर्थपूर्ण सहभागिता तथा सहमतिमा सञ्चालन गर्ने ।

(ड) बालक्लबबाट बाल सामाजिक तथा वित्तीय उद्यम सञ्चालनसम्बन्धी वार्षिक योजना तर्जुमा गर्न लगाई विद्यालयले बैठक बसी आवश्यक परिमार्जन गरी स्वीकृत गर्ने र सोही आधारमा मात्र कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ढ) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमका बारेमा अभिभावक भेला तथा विद्यालय व्यवस्थापन समितिको बैठकमा समेत छलफल गर्ने र सामाजिक समर्थन र सहयोगको प्रतिबद्धता प्राप्त गर्ने ।

## १२. प्रोत्साहन व्यवस्था

### १२.१ कार्यक्रम सबलीकरणका लागि प्रोत्साहन रकमको व्यवस्था

नेपाल सरकार स्वयंले वा नेपाल सरकारको पूर्व स्वीकृति लिई कुनै राष्ट्रिय / अन्तराष्ट्रिय गैर सरकारी संस्थाले विद्यार्थीहरूबाट सञ्चालनमा ल्याइएको संयुक्त बचत खातामा केही प्रोत्साहन रकम जम्मा गर्न सक्नेछ । यसरी रकम जम्मा गर्नुको मुख्य अभिप्राय विद्यार्थीहरूलाई बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रममा सहभागी हुन प्रोत्साहन गर्ने र बचत तथा कर्जा कार्यलाई निरन्तरता दिन र सबलीकरण गर्न मद्दत गर्ने किसिमको हुनुपर्ने छ ।

### १२.२ शिक्षकलाई प्रोत्साहन भत्ताको व्यवस्था

बाल सामाजिक तथा वित्तीय शिक्षासम्बन्धी विषय अध्यापन गराउँदै विद्यार्थीहरूको बचत तथा कर्जा कार्यमा समेत प्रत्यक्ष रूपमा संलग्न भई कार्य गर्दा र गराउँदा सामाजिक विषय पढाउने शिक्षक शिक्षिकाहरूलाई आफूले पढाउने विषयको नियमित कार्यका अतिरिक्त केही बढी जिम्मेवारी र उत्तरदायित्व थपिन सक्दछ । त्यसकारण यस्तो कार्यमा संलग्न शिक्षकलाई विद्यालयको स्रोत अथवा सरकारी अनुदान वा सरकारको पूर्वस्वीकृतिमा दातृ निकायको सहयोगबाट केही निश्चित रकम प्रोत्साहन भत्ताको रूपमा प्रदान गर्न सकिने छ ।

## १३. बाल सामाजिक तथा शिक्षा कार्यक्रम सञ्चालनमा विभिन्न पक्षहरूबाट अपेक्षित भूमिका

### १३.१ बाल क्लबका अध्यक्ष र पदाधिकारीको भूमिका

(क) बालक्लब तथा अन्य विद्यार्थीहरूको सहभागितामा विद्यालय स्तरीय कार्यक्रम सञ्चालन गर्ने ।

(ख) वार्षिक कार्यान्वयन योजना तथा सम्पर्क शिक्षकको निर्देशन अनुसार सामाजिक तथा वित्तीय उद्यम सञ्चालन गर्ने ।

(ग) बचत कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्न विद्यार्थीहरूलाईउत्प्रेरित गर्ने ।

(घ) बचत कार्यक्रमको निरन्तरताका लागि कुनै विद्यार्थीलाई अप्ठेरो परेको अवस्थामा निजको परिवारलाई समेत अभिप्रेरित गर्ने साथै पुँजी निर्माणका विभिन्न उपायहरूबारे जानकारी गराउने ।

(ङ) बाल सामाजिक तथा वित्तीय शिक्षा साथै बाल बचत सम्बन्धमा वार्षिक रूपमा समीक्षा गरी विद्यालय व्यवस्थापन समितिको बैठकमा प्रस्तुत गर्ने ।

## १३.२ लेखा हेर्ने कर्मचारीको भूमिका

(क) बाल बचत कार्यक्रमलाई नियमित रूपमा सञ्चालन गर्ने ।

(ख) विद्यार्थीहरूको नियमित बचत हुने स्थानीय बैङ्क तथा वित्तीयसंस्थार सहकारीहरूसँग आवश्यक समन्वय गर्ने । साथै उनीहरूको सहभागितामा बैङ्किङ प्रणाली सम्बन्धमा विद्यालयस्तरमा विभिन्न कार्यक्रम सञ्चालनमा समन्वय गर्ने ।

## १३.३ सम्पर्क शिक्षकको भूमिका

(क) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम सञ्चालनका लागि बाल क्लबका पदाधिकारीहरूको सहभागितामाप्रधानाध्यापकबाट स्वीकृत गराई वार्षिक कार्यान्वयन योजना तर्जुमा गर्ने ।

(ख) वार्षिक कार्यान्वयन योजना अनुसारका गतिविधि सञ्चालनमा सहयोग गर्ने ।

(ग) बाल सामाजिक तथा वित्तीय शिक्षा एवम् बचत कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा बालक्लब तथा अन्य विद्यार्थीलाई नै जिम्मेवार बनाउने ।

(घ) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमका बारेमा अन्य शिक्षकहरूलाई समेत जानकारी गराउने ।

(ङ) कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने ।

(च) कार्यक्रममा सहभागी हुन विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने ।

(छ) कार्यक्रमको सफलता र निरन्तर कार्यान्वयनमा जोड दिने ।

(ज) विद्यार्थीले खातापाता राखेको, हिसाब गरेको, ब्याज लिए/दिएको, पासबुक पोस्टिङ गरेको, बैङ्क खाता सञ्चालन गरेको, कर्जा दिएको, रकम भुक्तानी दिएको, रकम सङ्कलन गरेको, बैठक बसेको, माइन्युट गरे नगरेको आदि सबै कार्यको नियमित रूपमा अवलोकन, अनुगमन र सुपरिवेक्षण गर्ने ।

(झ) सम्बन्धित निकाय तथा सेवा प्रदायक संस्थासँग निरन्तर समन्वय गर्ने ।.

(ञ) कार्यक्रममा विद्यार्थीहरूले अनुभूत गरेका समस्याहरूलाई समाधान गर्न सहजीकरण गर्ने ।

(ट) कार्यक्रमसम्बन्धी बैठक, गोष्ठी, तालिम, कार्यशाला आदिमा सहभागी हुन जाने ।

(ठ) आवश्यकतानुसार प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकाय, संस्था, कार्यालयमा पठाउने ।

## १३.४ प्रधानाध्यापकको भूमिका

(क) योजना,तयारी, कार्यान्वयन तथा समीक्षासम्बन्धी बैठकहरू सञ्चालन गर्ने र निर्णयहरू कार्यान्वयन गर्ने ।

(ख) कार्यक्रमको समग्र निर्देशन, अनुगमन तथा नियमित निरीक्षण गर्ने ।

(ग) आवश्यकता अनुसार निर्देशन र पृष्ठपोषण दिने ।

(घ) कमीकमजोरीहरूलाई सुधार गर्न विद्यार्थीहरूको भेला बोलाई बैठक गर्ने समाधानका उपायहरू पत्ता लगाउने ।

(ङ) सामाजिक तथा वित्तीय उद्यम सञ्चालन गर्ने कार्यमा सहजीकरणका लागि माध्यमिक तहको कुनै एक शिक्षकलाई सम्पर्क शिक्षककारूपमा जिम्मेवारी दिने ।

(च) विद्यार्थीबाट नियमित रूपमा जम्मा हुने रकमको सुरक्षण प्रत्याभूति हुने गरी स्थानीय स्तरमा उपलब्ध बैङ्क तथा वित्तीय संस्थारसहकारी संस्था छनोट गर्ने ।

(छ) बाल बचत कार्यक्रमको सहजीकरण गर्ने तथा छनोट गरिएको स्थानीय बैङ्क एवम् वित्तीय संस्थार सहकारी संस्थासँगको समन्वयका लागि विद्यालयको लेखा हेर्ने कर्मचारीलाई जिम्मेवारी दिने ।

(ज) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम सञ्चालनमा आवश्यक सहयोग गर्ने ।

(झ) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमका सम्बन्धमा शैक्षिक सत्रको सुरुमै अभिभावक भेलामार्फत जानकारी गराउने ।

(ञ) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका बैठकमा समेत छलफलको विषय बनाउने ।

## १३.५ स्रोतव्यक्तिको भूमिका

(क) विद्यालयले सञ्चालन गरेको बाल सामाजिक तथा वित्तीय शिक्षा एवम् बाल बचत कार्यक्रम कार्यान्वयन तथा प्रभावकारितालाई अनुगमनको विषय बनाउने ।

(ख) यस विषयलाई स्रोतकेन्द्र स्तरीय प्रधानाध्यापक बैठकमाछलफलको विषय बनाउने ।

## १३.६ विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ

(क) विद्यालयमा सञ्चालन हुने सामाजिक तथा वित्तीय उद्यमहरू साथै बाल बचत कार्यक्रमका बारेमा छलफल गर्ने ।

(ख) विद्यार्थीहरूबाट सञ्चालित सामाजिक उद्यमका सम्बन्धमा अभिभावकहरूलाई जानकारी गराउने साथै सचेतीकरण गर्ने ।

(ग) बाल बचत कार्यक्रमलाई अभिभावक तथा विद्यार्थीको क्षमताअनुसारको रकम नियमित बचत गर्न प्रोत्साहित गर्ने ।

## १४. शिक्षक तालिमको व्यवस्था

(क) बाल सामाजिक तथा वित्तीय शिक्षासम्बन्धी विषय पढाउने मूलतः सामाजिक शिक्षा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरूलाई सम्बद्ध निकायहरूबाट नियमित रूपमा वित्तीय शिक्षासम्बन्धी अभीमुखीकरण र पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था मिलाउने । यस्तो तालिमका सत्रहरूमा नेपाल राष्ट बैङ्क, बैङ्कर्स सङ्घ, प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र, घरेलु उद्योग, संघ आदिजस्ता सम्बद्ध निकायबाट विशेषज्ञहरूलाई स्रोतव्यक्तिका रूपमा आमन्त्रित गरी तालिम सत्रहरू सञ्चालन गर्ने ।

(ख) तालिमका सत्रहरूमा वित्तीय कारोबार सम्बद्ध कतिपय प्राविधिक विषय वस्तु र प्रविधिहरूमा द्रुतगतिले परिवर्तन आइरहेको हुँदा त्यस प्रकारका विषय वस्तुहरू पहिचान गरी विज्ञहरूबाटै तालिम सत्र सञ्चालन गर्ने ।

## १५. बचत तथा कर्जा व्यवस्थापन समिति

(क) सङ्कलित बचतलाई व्यवस्थापन गर्न तथा कर्जाको व्यवस्थापन गर्न बचत कार्यक्रममा संलग्न विद्यार्थीहरूको भेला गराई एउटा ७ जना विद्यार्थीहरू रहेको बचत तथा कर्जा व्यवस्थापन समिति बनाउने । उक्त समितिले आफ्नो कार्य गर्दा अलग्गै माइन्युट राखी सबै विषयलाई माइन्युटमा उल्लेख गरी दस्तखत गर्ने अभ्यास गर्ने ।

(ख) यस्तो समूह निर्माण गर्दा विद्यार्थीको सङ्ख्या हेरी विद्यालय पुरैका लागि एउटै मात्र समिति बनाउने वा आधारभूत लागि एक र मावि तहका लागि एक गरी अलग अलग समिति समेत बनाउन सकिने बारे सम्बद्ध विद्यार्थी र शिक्षकहरूको भेलाबाट निर्णय गर्ने । यस्तो व्यवस्थापन समितिले आपसमा निर्णय गरी संयोजक, उप संयोजक, सदस्य सचिव, लेखापाल, रुजु कर्ता, आन्तरिक लेखापरीक्षक आदिको कार्य गर्ने गरी विभिन्न सदस्यहरूलाई कार्य बाँडफाँड गर्ने ।

(ग) उक्त समूहले साप्ताहिक रूपमा बचत सङ्कलन गर्ने, प्रत्येक विद्यार्थीको अलग अलग पेज कायम गरी खातापाता सञ्चालन गर्ने, लेखा राख्ने, पासबुकमा पोस्टिङ गर्ने, कर्जा दिनुपर्दा आवश्यक कागजात भराउने, कर्जा कारोवारको अलग्गै लेजर राख्ने, बैङ्कको हिसाब राख्न अलग्गै खाता बनाउने आदि कार्य गर्ने । यस समितिले सङ्कलित बचतलाई नियमित रूपमा सम्बद्ध बैङ्कवित्तीय संस्था वा सहकारी संस्था (सम्झौता गरिएको वित्तीय संस्था) मा जम्मा गर्ने र कर्जा व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

## १६. बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको स्थलगत सहजीकरण, सुपरिवेक्षण र अनुगमन

कार्यक्रम सञ्चालन गरिएका विद्यालयहरूको अनुगमन केन्द्र स्तरमा शिक्षा विभाग अन्तर्गत रहेकाकार्यक्रम अनुगमन तथा मूल्याङ्कन संयन्त्र तथा सम्बद्ध निकायहरूले

गर्न सक्नेछन् । अनुगमन तथा निरीक्षणपछि प्राप्त सुझाव र सल्लाहहरू तथा सिकेको पाठहरूलाई समेटी आगामी दिनमा यस कार्यक्रमलाई परिमार्जित गर्दै लगिने छ ।

## १६.१ स्थलगत सहजीकरण

(क) बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रम सञ्चाल भएको विद्यालयमा कुनै प्राविधिक सहयोग आवश्यक परेको महसुस भएमा यस कार्यक्रमसँग सम्बन्धित निकायमा विज्ञ वा प्रशिक्षक प्रशिक्षण प्राप्त कर्मचारीलाई स्थलगत सहजीकरणाका लागि अनुरोध गर्न सक्नेछ ।

(ख) स्थलगत सहजीकरणका लागि गएको व्यक्तिले विद्यालयमा देखापरेको समस्या र सोको समाधानका लागि गरेको प्रयत्नको विवरण सहितको प्रतिवेदन विद्यालय र सम्बन्धित निकायमा तयार गरी पेस गर्ने छ । उक्त प्रतिवेदनमा उल्लिखित अनुकरणीय प्रयत्नलाई आवश्यकतानुसार अन्य विद्यालयमा समेत उपयोग गर्न सकिनेछ ।

## १६.२ सुपरिवेक्षण र अनुगमन

(क) सम्बन्धित पदाधिकारीहरू र विज्ञहरूले समय समयमा विद्यालयमा पुगी बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको प्रभावकारिता सुपरिवेक्षण र अनुगमन गर्ने चाँजोपाँजो मिलाउने छन् ।

(ख) अनुसूचीमा दिइएको अनुगमन फाराम प्रयोग गर्ने व्यवस्था मिलाउने ।

## अनुसूची १ अनुगमन फाराम

**बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको कार्यान्वयन स्थिति पहिचान तथा प्रभावकारिता अनुगमन प्रतिवेदन फाराम**

१. विद्यालयको नाम र ठेगाना........................................... ..........................

जिल्ला............................................... सम्पर्क नं. ................................

२. सञ्चालित कार्यक्रम विवरण

२.१ लागु भएको मिति ....................... देखि .................................. सम्म

२.२ कार्यक्रम सम्बद्ध बैङ्कको नाम ठेगाना ...........................................

२.३ सम्पर्क शिक्षकको नाम ................................................................

२.४ विद्यालयमा सञ्चालित कक्षा, विद्यार्थी सङ्ख्या र कार्यक्रममा सहभागिता जनाउने विद्यार्थी सङ्ख्या

| कक्षा र सङ्ख्या | कक्षा... | | | कक्षा... | | | कक्षा... | | | कक्षा... | | | कक्षा... | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| कूल सङ्ख्या | | | | | | | | | | | | | | | |
| सहभागी सङ्ख्या | | | | | | | | | | | | | | | |

३. विद्यालयमा सञ्चालन गरिएका सामाजिक उद्यमका केही मुख्य क्रियाकलापहरू

(क) ...............................................

(ख) ...............................................

(ग) ...............................................

(घ) ...............................................

४. विद्यालयमा सञ्चालन गरिएका वित्तीय उद्यमका केही मुख्य क्रियाकलापहरू

(क) ...............................................

(ख) ...............................................

(ग) ...............................................

(घ) ...............................................

५. बाल सामाजिक तथा वित्तीय उद्यम सञ्चालन गर्दा ध्यान दिनुपर्नेकुराहरूको परिपालना कसरी भएको पाइयो ?

(क) ..............................................

(ख) ..............................................

(ग) ..............................................

(घ) ..............................................

५. बाल बचत कार्यक्रमका मुख्य उपलब्धिहरू

शैक्षिक उपलब्धिहरू

(क) ..............................................

(ख) ..............................................

सामाजिक उपलब्धिहरू

(क) ..............................................

(ख) ..............................................

आर्थिक उपलब्धिहरू

(क) ..............................................

(ख) ..............................................

७. बाल बचत कार्यक्रम सञ्चालन गर्दा ध्यान दिनुपर्ने कुराहरूको परिपालना कसरी भएको पाइयो ?

(क) ..............................................

(ख) ..............................................

(ग) ..............................................

(घ) ..............................................

८. कार्यक्रम सञ्चालन गर्दा देखिएका सबल पक्षहरू

(क) ..............................................

(ख) ..............................................

(ग) ..............................................

(घ) ..............................................

९. कार्यक्रम सञ्चालन गर्दा अनुभूत गरिएका समस्याहरू

(क) ..................................................

(ख) ..................................................

(ग) ..................................................

(घ) ..................................................

१०. कार्यक्रमको प्रभावकारिताका लागि विद्यालयबाट पाइएका सुझावहरू

(क) ..................................................

(ख) ..................................................

(ग) ..................................................

(घ) ..................................................

**अनुगमनकर्ताको सही**

नाम : ..................................................

पद : ..................................................

कार्यालय : ..................................................

अनुगमन गरिएको विद्यालयको छाप

मिति : ..................................................

प्रतिवेदन दर्ता नं. ....... दर्ता मिति : ............

प्रतिवेदन पेस गरिएको कार्यालय र शाखाको नाम ठेगाना : .....................

प्रतिवेदन अध्ययन गर्ने जिम्मेवार पदाधिकारीको सुझाव

....................................................................................................................................

....................................................................................................................................

....................................................................................................................................

सही

नाम :..................................................

पद :............................................... मिति : ..........................